# बोधिसत्वको अवतार, बोधिलाभ र महापरिनिर्वाण

● बिडिएलबाट

१. अवतार– आज भन्दा २६०० वर्ष अगाडि कपिलबस्तु राज्यको शाक्य कुलमा महाप्रतापि राजा शुद्धोधन शासन गर्दथे। उनले कोलिया गाउँबाट महामाया र प्रजापति नामक दुइ दिदीबहिनी बिबाह गरे। त्यस समयको सामाजिक परम्परा अनुसार प्रथम पटक बालकको जन्म माइतीमा गराउने संस्कार रहेकोले रानी महामाया देवीको गर्भ दश महिना पुग्न लागे पछि, माइत जाने इच्छा प्रकट गरिन्। राजाले सबै बन्दोवस्त मिलाई दिए पछि, सहयोगीहरू र सुरक्षा घेरामा आफ्नो माइत देवदह गइन्। बाटोमा जादै गर्दा, लुम्बिनी साल बागमा रानीले एकछिन बिश्राम गर्ने इच्छा प्रकट गरिन्।

त्यस समय लुम्बिनीको सालबाग अत्यन्तै मनमोहक देखिन्थ्यो। बसन्त ऋतुको दिन भए तापनि सूर्यको तापक्रम नरम थियो। लगभग दिन ढल्किसकेको थियो। तर, अबको केही क्षणमा लुम्बिनी सालबागमा दिव्यात्माले अवतार लिने कुरा सूर्यदेवलाई पूर्व जानकारी थियो। त्यही क्षण हेर्नका लागि उनी व्याकुल थिए। उनी स्वयं समय भएर पनि समय उनको बशमा थिएन। उनको लागि पनि प्रतिक्षा बाहेक अरू उपाए थिएन। उनी मात्र हैन, देवलोकको देवताहरू ब्रह्मा, विष्णु र महेश्वर समेत लुम्बिनीको दिव्यदृष्य हेर्न हातमा फूलपाती लिएर प्रतिक्षा गरिरहेका थिए। केही क्षणमा लुम्बिनीमा अदुभूत उत्सव हुनेवाला थियो।

रानी महामाया देवी सालाबागमा प्रवेश गरी केही समय बिश्राम गरिन। बिश्राम गर्दै गर्दा, उनलाई प्रसावको वेदना भयो। प्रसावको समयमा सालको एउटा हाँगा समातिन। रानीको अवस्था बुझ्े पछि सेविकाहरूले कपडाले छेकिन। त्यही अवस्थामा ६२३ इसा पूर्वमा लुम्बिनी सालबागमा बैसाख पुर्णिमाको दिन, रानी महामाया देवीको कोखबाट बोधिसत्वले अवतार लियो। देवगणले पारीजातको सुगन्धित पुष्प बृष्टि गरी लुम्बिनी सालबागलाई पवित्र हुने गरी अनुमोदन गरे। दिव्यात्माको जन्म भएको पावन अवसरमा देवलोकमा उत्सव मनाएर !

बोधिसत्वले पृथ्बीमा अवतरण गर्ने बित्तिकै सात पाइला टेके। प्रत्येक पाइलामा कमल उत्पन्न भयो। अन्तिम पाइलामा चारै दिशातिर फर्केर दाहिने हातको चोर औला ठडाएर संसारलाई सांकेतिक भाषामा अपोदीपभव भने।

भरखरै मात्र आमाको गर्भबाट जन्मिएको बालकको यस्तो असाधरण गतिबिधि देखेर सबै अश्चर्यमा परे। कसैले पनि केही भन्न सकेनन्। तर, सबैको मनमा भने एउटा अचम्मको कौतुहलले बास जमायो। अब के हुन्छ ? कसैलाई पनि थाहा थिएन ?

कपिलबस्तुको शाक्य दरबार नयाँ ध्वज, पटाका र नौरंगी फूलहरूले अन्तपुर जस्तै सजिएको थियो।



सूर्यदेव पनि उकालो गतिमा थियो। आज शाक्य दरबारमा केके हुदै छ भनि नजिकबाट चिहाउदै यात्रा गरिरहेको थियो। त्यही सजिएको मण्डपमा शाक्य कुलको परम्परा अनुसार पाँचौं दिनमा बालकको नामाकरणका लागि दरबारियाहरू, भारदारहरू, प्रबुद्धवर्गहरू र महापण्डितहरूको भेला भएका थिए। नामाकरणको लागि राज्यका आठ जना महापण्डितहरूले तयार गरेको जन्म कुण्डली अनुसार 'सर्व+अर्थ+सिद्ध' 'सिद्धार्थ' र गौतम थर भएकोले शाक्यमुनि सिद्धार्थ गौतम घोषणा गरियो।

सिद्धार्थको कुण्डली अनुसार चक्रवर्ती राजा हुने वा सन्यास लिए बुद्धत्व प्राप्त गर्न सक्ने योग भएको सातै जना पण्डितहरूले एकै स्वरमा घोषणा गरे। तर, सबभन्दा कन्छो पण्डित कोण्ड्यले भने सिद्धार्थले सन्यास नै लिएर बुद्धत्व प्राप्त गर्ने छन्, ठोकुवा गरेर भने। तर उनी बिद्धान भए तापनि कन्छो भएकोले खासै महत्व दिएन।

शाक्यमुनि गौतम जन्मिएको दशौं दिनमा महामायाको दुःखत निधन भयो। उनले देह त्याग गर्ने समयमा राजा शुद्धोधनको उपस्थितिमा आफ्नी बहिनी प्रजापतिलाई 'हे, प्रजापती,' मैले दिव्यात्माको अवतार दिएर पारमिता पार गरी सकैं। अब मेरो देहत्याग गर्ने समय भैसक्यो। मेरो मूल उद्देश्य भनेको दिव्यात्माको अवतरण गर्नु थियो। सो कार्य पूर्ण भयो। यो दरबारको सुख, सयल र भौतिक सुबिधा त क्षणिक मात्र हो। मैले साथमा लिएर जाने भनेको त पुण्य मात्र हो। अब मेरोमा कुनै तृष्णा पनि बाँकी छैन। सबै त्यागिसकैं। गौतमको पालन पोषण तिमी आफैले

गर्नु भनि बहिनीलाई बचनबद्ध गराए ।

'तपाइँको बचन पालन गर्ने छु,' प्रजापतिले भनिन् । यति सम्वाद भए पछि उनले देह त्याग गरिन । केही दिन अधिसम्म हर्ष र उल्लासमय बातावरणमा रमाएको शाक्य राजदरबार एकाएक शोकमा डुबे । प्राकृतिको अकट्य नियम कसले पो परिवर्तन गर्न सक्छ र ? फेरी, मानव जीवनको अन्तिम सत्य नै मुत्यु हो । तर, चेतनशील मानिसहरूले यो सत्य कुरा किन स्वीकार्न सक्दैनन् ? यसको रहस्य कहाँ लुकेको छ ? यावत कुराहरू दश दिन अधि मात्र अवतार लिएका दिव्यात्माको मनभित्र उथल पुथल भैरहेको थियो । तर प्राकृतिको नियममा बाँधिएको हुदा, उनले केही भन्न सक्दैनथे । समयको गतिलाई पर्खनु बाहेक उनीसंग पनि कुनै बिकल्प थिएन । त्यसैले उनी चुपचाप बसे । उनको पालन, पोषण प्रजापतीले गरिन् ।

२. बोधिलाभ– उरूवेलको पूर्व क्षेत्रमा अवस्थित एउटा बस्तिमा सेनानी नामक सम्पन्न गृहस्थि थियो । उनको सुजाता नाम गरेकी छोरी थिइन् । उनले पुत्र लाभका लागि पिपलको भाकल गरेकी थिइन् । उनी प्रत्येक प्रातकाल एउटा बिशाल पिपल बृक्षको फेदमा पूजा गर्न जाने थिइन् । पूर्णिमाको चर्तुदशीको प्रात पूजा गर्न जाँदा, त्यही पूजा स्थलमा साक्षत् भगवानको रूपमा शान्त मुद्रामा भिक्षु ध्यानमा बसिरहेको देखे ।

'ओहो ! मेरो पूजा स्थलमा साक्षत भगवान पो ध्यानमा बस्नु भएको रहेछ । अब मेरो मनोकामना पूर्ण हुन्छ भन्ठानेर, भिक्षुलाई पूजा गरी, स्वर्ण पात्रमा खीरदान गरी मनोकामनाको लागि बन्दना गरिन् ।

गौतमले सुजाताको खीर ग्रहण गरे । एक छिन पछि नेरन्जना नदीमा गएर स्नान गरी सुजाताले दान गरेकी खीर भोजन गरे । यदि मैले सत्य मार्ग अबलम्वन गरेको छु र बुद्धत्व प्राप्त गर्न सक्ने अवस्था छ भने, यो स्वर्ण-पात्र नदीको बिपरित धारमा बग्नु भनी नदीमा फालिदिए । हेर्दा हेर्दै



पात्र बिपरित धारमा बग्यो। यो उनको लागि शुभ लक्षण थियो।

'ओहो,' आश्चर्य! साधु! साधु‼ मेरो मार्ग र संकल्पमा कुनै संदेह छैन भनी जल देवीलाई नमन गरी फर्किए। आउदा आउदै बाटोमा घाँसीले घाँस दान गरे। त्यही घाँस ओछ्याएर पिपलको रूख मुनि पद्मासन लगाए।

प्राकृतिको नियम अनुसार प्रकृतिको अवस्था उत्पति हुन्छ। अर्थात नियमित वा असाधारण कुनै पनि अवस्थाको घट्‌ना वा परिघट्‌नाहरू घटित हुनु भन्दा पूर्व, घट्‌नाको प्रकृति अनुसार लक्षण वा बिलक्षण अवस्थाका संकेतहरू देखा पर्छन्। उदाहरणको लागि भुकम्पको कम्पन, आँधीको कालो बादल, मेघको गर्जन, प्रलयको भूमारी, धनुषको टंकार, युद्धको घोषणा, प्रशावको पिडा, ऋतुको परिवर्तन, परीक्षाको अध्ययन, शान्तिको प्रस्ताव, सम्बन्धको प्रेम बचन, प्रकाशको तेज र ज्ञानको उदय आदि। उपरोक्त अवस्थामा घट्‌ना र प्रकृति अनुसारको संकेत प्रत्यक्ष रूपमा अनुभाव हुन्छ। उनलाई पनि बिल्कुलै त्यही भयो। जो प्रकृतिमा हुने गर्छन्।

शाक्यमुनि गौतम पिपलको रूख मुनि घास ओछ्याएर पद्मासनमा बसे पछि संकल्प गर्यो कि, यो मेरो शरीरको हाड र छाला मात्र बाँकी रहे पनि, बुद्धत्व प्राप्त नगरी, यो आसनबाट उठ्ने छैन, भनि ध्यानमा बसे।

उनको मूल उद्देश्य सत्यको खोजीमा थियो। तर, उनलाई अचानक उकुस मुकुस भएर असहय पिडा भयो। शारीरिक पिडाको कारण न ध्यान, न पद, न परमात्मा! चित्त एकदमै बिलुप्त भयो! किनभने चित्तको मूल उद्देश्य नै, यो पाए हुन्थ्यो। त्यो पाए हुन्थ्यो, भन्ने हुन्छ। महत्वकांक्ष नै चित्तको आत्मा हो। तर, त्यस समय पिडाको कारण उनको मनमा कुनै महत्वकांक्ष थिएन। सत्यको वासना पनि छुट्‌यो। सम्पूर्ण भावले सबै वासनालाई त्याग दियो। बिल्कुलै शून्य अवस्थामा पुग्यो। प्राकृतिको नियम अनुसार पनि एउटा अवस्थाबाट आर्को अवस्थामा पुग्नका लागि बिल्कुलै शून्य अवस्थामा पुग्न अनिवार्य हुन्छ। शून्यताबाट मात्र नविन जीवनको अनुभूति हुन्छ। शाक्यमुनि सिद्धार्थ गौतमलाई पनि त्यही भयो।

गौतमको जब आँखा खुल्यो, तब आकासमा अन्तिम तारा डुब्नेवाला थियो। अन्तिम तारा डुब्दा डुब्दै उनको अन्तरात्माबाटा ज्ञानको ज्योती उदए भयो! संसारलाई प्रकाशित गर्न सक्ने पूर्वानुस्मृति, व्युत्पति र प्रतित्यसमुत्पाद सहितको भूत, बर्तमान र भविष्यलाई देख्न सक्ने त्रिकालदर्शी चक्षु सहितको 'बुद्धतत्व' प्राप्त भयो! तर, यो स्वयं भयो! यो अद्‌भूत घट्‌ना हुने बेलामा त्यहाँ कुनै गुरूहरू, आचार्य, उपाध्याय र पञ्चबर्गिय भिक्षुहरू नै थिए।

त्यसैले, 'मारा' अर्थात काल स्वयं त्यहाँ आएर, 'हे शाक्यमुनि गौतम,' तिमीले 'बुद्धतत्व' प्राप्त गर्ने समयमा त्यहाँ कोही पनि थिएन? यसको साक्षी को छ? भनेर प्रश्न गर्दा, "स्वयं काल, बोधिबृक्ष, तारामण्डल र यो पवित्र बुद्धभूमि साक्षि छ," भन्यो। बुद्धको उत्तर सुने पछि बुद्धम् शरणम् गच्छामि भनी बुद्धलाई प्रथम पटक बन्दना गर्दै काल पनि त्यहाँबाट फर्किए।

यसरी शाक्यमुनि सिद्धार्थ गौतमले बैसाख

पूर्णिमाको रात पिपलको रूख मुनी 'बुद्धतत्व' अर्थात बोधिलाभ गरे। शाक्यमुनि सिद्धार्थ गौतमले पिपलको रूख मुनि बोधिलाभ गरेको हुनाले पिपलको रूखलाई बोधिबृक्षको नामबाट परिचित भए।

यो कुरा त्रिलोकमा पनि जंगलको आगो झै फैलियो। त्रिलोकपति ब्रह्मा, विष्णु र महेश्वर सहित देव, असुर, यक्ष, गन्दर्भ, किन्नर, नाग, गरूडा, अष्टबर्ग सबैले पुष्पान्जली अर्पण गर्दै जय जयकार गरे! त्यसै बखत देवेन्द्रले देव मनुष्यानो शास्ता भगवती भनी शंख घोष गरी बुद्धतत्वको अनुमोदन गरे। यसरी शाक्यमुनि सिद्धार्थ गौतमले बैसाख पूर्णिमाको रातमा गयामा पिपलको रूख मुनि बोधिलाभ गरेको सुखद समाचार सम्पूर्ण ब्रह्माण्डले जानकारी पाए।

३. महापरिनिर्वाण– 'हे आनन्द,' यो भव सागरमा उत्पन्न भएका सबै प्राणीहरू अनित्य छन्। यसमा तिमी र म पनि हो। आज बिहान सबेरै म साधना सकेर बसिरहेको अवस्थामा स्वयं काल आएर मेरो भोगको काल समाप्त भयो भनेर संकेत दिन आए। मैले उनलाई सय दिनको समय माँगेको छु। अब मेरो भोग सय दिन मात्र बाँकी छ, तथागतले भन्यो।

'तथागतको कुरा सुनेर भिक्षु आनन्द दुःखि भए।'

'हे आनन्द,' मेरो कुरा सुनेर दुःखि हुनु पर्ने कुनै कारण छैन। किनभने, तिमी पनि त अनित्य छौं। मानिसको जन्म भए पछि एक दिन मृत्यु हुने त शास्वत हो। यसमा कसैको दुइ मत छैन। फरक यति मात्र हो कि, अल्पायु, मध्यायु र दीर्घायु। कस्को कस्तो अवस्थामा कसरी मृत्यु हुन्छ? त्यो उनको कर्म भोगले निर्धारण गर्छ। यसको ज्वालन्त उदाहरण भिक्षु देवदत्त हुन्। उनले युवा अवस्थादेखि मुत्यु हुने समयसम्म मसंग प्रतिशोध साँधे। तर, मैले उनलाई सधै करूणा दिए! साथमा प्रेम, प्रज्ञा र त्याग पनि दिए। तर, उनले त्यसलाई चिन्न सकेन! तीन दशक भिक्षुको उपासना गरेर पनि अहर्त प्राप्त गर्न सकेन! उनको मार्गमा नयाँ जातक हुने छ। त्यसमा उनको स्मृति र प्रज्ञाको अवस्था कस्तो रहन्छ? त्यसैमा उनको जातकले स्वरूप लिने छन्। किनभने–

**मनोपुब्बंगमा धम्मा, मनोसेठा मनोमय**
**मनसा चे पदुटेन, भासति वा करोति वा**
**ततोनं दुक्खमन्वेति, चक्कं व वहतो पदं ॥**

अर्थात, मन नै सबै प्रबृतिहरूको प्रधान हो। सबै कुरा मनबाटै उत्पन्न हुन्छ। यदि कसैले दुषित मनले केही कुरा बोल्छ, भन्छ वा कुकर्म गर्छ भने त्यस्तालाई लडियाको पाङ्ग्राले गोरूको खुट्टालाई पछ्याए झै दुःखले सधै अनुसरण गरिरहन्छ। धम्मपद ॥१॥

जातकको कुरा साधरण मानिसका लागि जटिल विषय हो। यो जटिल विषय तत्वज्ञान भन्दा धेरै पर छ। सबैले बुझ्न सक्दैनन्। त्यसैले, दुःखि हुन्छन्। जसरी अहिले तिमी दुःखि भैरहेको छ। तिमीले त अहर्तत्व प्राप्त गरिसकेको छ। किन दुःखि हुन्छौं? केही दिन अगाडि तिमीले सोधेको प्रश्नहरू पुनः स्मरण गराउन चाहन्छु।

'त्यो दिन मैले यसो भनेको थिए।' 'ईश्वर छ, ईश्वर छैन, ईश्वर छ वा छैन थाहा छैन।'


सनातनदेखि चलिआएका सबै धार्मिक सम्प्रदायहरूले आ-आफ्नै मत अनुसार सिद्धान्त



प्रकट गरेका छन्। त्यही मतको प्रभाव समाज र समूहमा जिवित रहेका छन्। मैले ईश्वरको अस्तित्व कहाँ छ ? भनेर पटक पटक ठाउँ ठाउँमा उपदेश दिइसकेको छु। तर, पनि मानिसहरूले त्यही प्रश्न पुनः दोहोराउन चाहन्छन्। किनभने, मानिसको कोमल हृदयमा एक पटक बसिसकेको छाप पुनः मिटाउन कठिन हुन्छ। तुरून्तै परिवर्तन हुन सक्दैन। यही छापको नाम हो आस्था र विश्वास। यो हतपत परिवर्तन हुदैन। भए पनि लामो समय लाग्छ। रूपान्तरण गर्न समय लाग्छ। यो मानविय गुण र स्वभाव हो। यसैलाई धर्म भन्दछ।

मैले प्रतिपादन गरेको बुद्ध धर्मले अरूको मतलाई त्यागेर यसलाई अपनाउ भनेको छैन। आस्थालाई नमान भनेको छैन। तर, जुन मतमा आस्था राखिन्छ, त्यो मतको बारेमा राम्रोसंग जानेर, बुझेर, सुनेर, चिन्तन, मनन र बिश्लेषण गरेर मात्र स्वीकार गर्नु भनेको हो। किनभने पहेलो रंगको सबै बस्तुहरू सुन हुन सक्दैन। यदि त्यो बस्तुमा सुनको कणहरू छन् भने पनि त्यसलाई केलाएर खारेर मात्र शुद्ध बनाउन सकिन्छ। विद्यमान समाजमा पनि "ईश्वर छ। ईश्वर छैन। ईश्वर छ वा छैन थाहा छैन।" यही दुबिधाभास तर्क बितर्कमा सम्पूर्ण समाज अल्मलिएका छन्। अन्धबिश्वासमा जकडिएका समाजलाई चिकित्सा गर्नु पर्छ।

त्यसैले, 'अपोदिपाभव' अर्थात आफ्नो दिपक आफै बन्नु। कसैमा पनि आँखा चिम्लेर भरोसा नगर्नु। आज म छु तिमी मेरो साथमा छ। तर, सय दिन पछि म हुदैन। अझै पनि केही शंकाहरू छन् भने, सोध्ने समय छ। अब मैले निर्वाण प्रशस्त गरिसकेको छु। अब, त्यो ग्रहण गर्नु पर्छ, बुद्धले उपदेश दिए।




**'यो निर्वाण भनेको के हो ?'**
**आनन्दले दोहोरायो ।**

यो निर्वाण भनेको जिवित अवस्थामा हुदै सम्पूर्ण भाव र क्लेशबाट मुक्त हुनु हो । क्लेश वा तृष्णाबाट मुक्त भए पछि मात्र मन शान्त हुन्छ । शान्त भए पछि स्थिर हुन्छ । मनस्थिर भए पछि ध्यान मार्ग प्रशस्त हुन्छ । ध्यान मार्ग प्रशस्त भए पछि समाधिमा जान सरल हुन्छ । त्यही सरल मार्गबाट महापरिनिर्वाण प्राप्त गर्न सकिन्छ । अहर्त, बोधिसत्व, महासत्व कल्याणमित्र र कम्तिमा पनि श्रोतापन्न भएका कुलपुत्र र कुलपुत्रीहरूले पनि परिनिर्वाण प्राप्त गर्न सक्नेछन् । यसैगरी, गृहस्तिहरूको हकमा भने शील पालना गरेको तर, निर्वाण मार्ग प्रशस्त गरी नसकेका अवस्थामा स्मृति सहित देहत्याग गर्न सकेमा कम्तिमा पनि तीन जातक पार गरे पछि, प्रत्येक जातकमा एक एकवटा पारमिता पार गर्न सकेमा, परिनिर्वाण प्राप्त गर्न सक्ने छन् । तर, बुद्धहरूले भने महापरिनिर्वाण प्राप्त गर्ने छन् । म भन्दा पहिलेका बुद्धहरूले पनि महापरिनिर्वाण प्राप्त गरेका थिए । भविष्यको मैत्री बुद्धले पनि महापरिनिर्वाण प्राप्त गर्ने छन् ।

तथागत बुद्धले सय दिन पछि देह त्याग गर्ने घोषणाको सूचना जम्बुद्धीपमा जंगलको आगोझै चारैतिर फैलियो । कुशी नगरतिर सोजिदै यात्रा गरिरहदा बाटोमा उनका आफन्त, प्रियजन यशोधरा, सानी आमा प्रजापतिलाई पनि भेटिन । लामो यात्रामा भण्ड गाउँ, हट्टी, भोग नगर आदि पार गरी पावामा बिश्राम गरे । पावामा चुन्द नामक उपासकले भोजन दान गरे । तथागतको जीवनमा त्यही अन्तिम भोजा थियो । त्यसपछि बिस्तारै कुशी नगरको क्षेत्रमा प्रवेश गरे । कुशी नगरको शालबागमा बिशाल दुइ शाला बृक्षको बीचमा बैसाख पूर्णिमाकै साँझ अन्तिम धर्मोपदेश भयो । त्यस बखत तथागत बुद्धले "अपोदीपभव, संस्कारदर्पण, बुद्धदर्शन ।" "सबै मान्छेमा चेतना छ, त्यसैमा बुद्ध बसेको छ ।" यो बुद्धको अन्तिम बचन थियो । सुभद्र बुद्धशासनको अन्तिम भिक्षु थियो । रातको तेश्रो प्रहरमा भिक्षु महासंघको उपस्थितिमा तथागत बुद्धले महापरिनिर्वाण प्राप्त गरे ।

तथागत बुद्धले कुशी नगरमा महापरिनिर्वाण प्राप्त गरेको सूचना जम्बुद्धीपमा जंगलको

आगोभै फैलियो। भिक्षु महासंघ शोकमा चुर्लुम्म डुबेको थियो। फेरी पनि तथागतको लागि रात दिन प्रार्थना भैरहेको थियो। शोकमा डुबेको कारण, बुद्धको दाह संस्कार कसरी गर्ने भन्ने विषयमा आनन्दलाई केही सुझेको थिएन। त्यसै अल्मलिरहेको थियो। त्यस बखतका अहर्तहरूमा सारिपुत्र, मौदगल्यान, कौण्ड्य, राहुल आदिले देह त्याग गरिसकेको थियो। त्यही समय रात दिन हिँडेर अहर्त महाकाश्यप टुप्लुप्क आइ पुगे।

अहर्त महाकाश्यप भिक्षु महासंधको मूल आधार थियो। उनी आए पछि मात्र आनन्दको होस खुल्यो। महाकाश्यपको परामर्श अनुसार तीन जना भिक्षुहरूलाई कुशी नगरको मल्ल राजालाई तथागतले महापरिनिर्वाण प्राप्त गरेको सूचना दिन पठाए। मल्ला राजपरिवार बुद्धको प्रिय उपासक उपासिकाहरू थिए।

तत्कालै मल्ला राजपरिवारहरू आइ पुगे। राजपरिवारले तथागत बुद्धलाई आदर सहित बन्दना गरे पछि, उनको दाह संस्कार कसरी गर्ने भन्ने बिषयमा भिक्षु आनन्द र महाकाश्यपसंग परामर्श गरे।

महाकाश्यप त्रिकालदर्शी थियो। सबैको मनोभाव बुझ्दथे। आनन्दको पिडा बुझे पछि, तथागत महामानव हुन्। उनले धर्मको सही व्याख्या गरी एउटा नविन बिचारको सही अर्थमा जग बसालेका छन्। उनको उपदेशले मानव मात्र हैन देवताको पनि कल्यान गरेका छन्। उनी भगवत हैन शास्त हुन्। यस्तो दुर्लभ महामानवको दाह संस्कार राज परिवारको निर्णय अनुसार गरेमा उपयुक्त होला, भिक्षु महाकाश्यपले आफ्नो सुझाव दियो। उनको सुझाव तर्कसंगत थियो। त्यसैले त्यही अनुसार कार्य सम्पादन भयो।

महाकाश्यपको सुझाव अनुसार, मल्ला राजाले बुद्धको पार्थिक शरीरलाई पुष्पासनमा राखेर सैनिक सुरक्षा घेरामा सात दिनसम्म सर्वसाधरण सबैले दर्शन गर्न सक्ने व्यवस्था मिलाए। आठौं दिनको मध्यान्नमा आनन्द र महाकाश्यपले दाग बत्ति दिए। यसै दौरान, मगध नरेश अजात शत्रु, बैशालीको लिच्छिबी राजप्रतिनिधि, कपिलबस्तुको शाक्य प्रतिनिधि, बज्जिया प्रतिनिधि, पावाको प्रतिनिधि सबै त्यहाँ उपस्थित भए।

त्यहाँ उपस्थित सबै प्रतिनिधिहरूले आदर सहित बुद्धम् शरणम् गच्छामि। धर्मम् शरणम् गच्छामि। शंघम् शरणम् गच्छामि भनी बन्दना गरे। द्रोण नामक ब्राह्मणको परामर्शमा बुद्धको अष्टधातुलाई आठ भागमा बिधाजन गरियो। सबैले आ-आफ्नो राज्यमा स्तुपा बनाए। यसैलाई अष्टमहास्तुपा भनिन्छ।

यसरी, तथागत गौतम बुद्धले २९ वर्षको उमेरमा प्रवर्जित भइ, ३५ वर्षको उमेरमा बोधि लाभ गरी ४५ वर्षसम्म जम्बुद्धीपका बिधिन्न स्थानमा धर्मोपदेश गरी ८० वर्षको उमेरमा बैसाख पूर्णिमाकै दिन कुशी नगरको पवित्र सालबागमा दुइ सालबृक्षबीच बैसाख पूर्णिमाको दिन महापरिनिर्वाण प्राप्त गर्यो। यसरी, जन्म, बुद्धत्व प्राप्त र महापरिनिर्वाण सबै पूर्णिमाकै दिनमा भएकोले बौद्ध संसारमा यो दिन अत्यन्तै महत्व र पवित्र मानिन्छ।

बौद्ध जगतमा आ-आफ्नो मौलिक परम्परा अनुसार यस पावन दिनलाई 'बुद्धजयन्ती'को नामबाट धुमधामका साथ पूजापाठ गरी मनाइन्छ। भवतु सर्वमंगलम्।

–बद्धबचनबाट।



# ह्विपएको संक्षिप्त अवधारणा

● क्याप्टेन नैनासिँ गुरूङ (दोर्जे लोपन)

## विषय प्रवेश

बुद्ध धर्ममा बैशाख पूर्णिमाको दिन आफैमा महत्वपूर्ण मानिन्छ। अहिसांको पुजारी शान्तिको अग्रदुत तथा एशियाको तारा सिद्धार्थ गौतम बुद्धको जन्म बैशाख पूर्णिमाको पावन अवसरमा यही पुण्य तिथीमा उहाँले बुद्धत्व प्राप्त गर्नु भएको हो। महापरिर्निवानसहित तीन संयोगहरू परेको कारण बैशाख पूर्णिमाको दिनलाई संसार भरी विशेष दिवसको रूपमा मानिन्छ। यो २५७० औँ बुद्धजयन्तीको अवसरमा मलाई Buddhism Digital Library (BDL) Inc, USA ले गुरूङहरूले मान्ने बुद्ध धर्मको आधारमा (ह्विपए) गर्ने विधि बिधानको बारेमा एउटा अवधारणा लेखिपठाउनु भन्ने पत्र आएकोले सोही बमोजिम मैले जाने बुझेको र अनुभवमा भएको विषय बस्तुहरूलाई संक्षिप्त रूपमा राख्ने प्रयास गरेको छु।

यो (ह्विपए)को बिधानहरू ह्युलये (प्ये) ख्ह्यालये (क्ष्या) भनेझै गाउँ ठाउँमा चलेको चलन चल्ती र गुरू परम्परा अनुसार धेरथोर फरक भए पनि मूल सार एउटै हुन्छ। २५७०औँ बुद्ध जयन्तीको उपलक्ष्मा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक शुभकामना! बुद्ध धर्मको ज्योति संसारमा चारैतिर सूर्यको किरण झै फैलिरहोस्। केही त्रुटिहरू भएमा क्षमा प्रार्थी छु।

## लामा गुरूहरूद्वारा गरिने ह्विपएको इतिहास

बुद्ध सम्प्रदायक लामा गुरूहरूले शताब्दीऔँ पहिलादेखि मृतकको काजक्रिया (टुन्डा च्याङपर) गर्दै आएको बुझिन्छ भने ल्हेब्री र पच्यु गुरूहरूले शताब्दीऔँ देखि नै मृतकको तीन दिने अर्घौ (ह्विपए) गर्दै आएका थिए।

हाम्रो तमू जाति मङ्गोलीयादेखि चीन, तिब्बत, मनाङ, मुस्ताङ हुँदै कयौं वर्ष पहिला क्होलासौँथरमा आई बसोबास गरेका रहेछन्। जुन ठाउँलाई आजकल तमूहरूको पुर्ख्यौली थलो भनेर प्रख्यात छ। त्यहाँ केल्बुरूचेल्हे नामक घले राजाले राज गर्दथे। यी सबै कहानीहरू पच्यु र ल्हेब्री गुरूहरूको प्येताँ ल्हुताँमा आउछ भनि मैले बिस्वास गरेको छु।

लामा गुरू, पच्युगुरू, ल्हेब्रीगुरू गरी यी तीनओटै गुरूहरू आ-आफ्नो पुर्ख्यौली थलो देखि चुँसी भएर क्वोलासौँथर आएको बुझिन्छ। त्यस कारण पुरानो बृद्धहरूले के भन्थे भने भोट मनाङ (नारखोला) मा चुँसी नभएको लामा, लामा होइन भन्ने भनाइ थियो। त्यस्तै ल्हेब्री गुरूहरू (लौरी म्रोसो) मा चुँसी भएको बुझिन्छ। पच्यु गुरूहरू (उईसो चौरू) भन्ने ठाउँमा चुँसी भएको बुझिन्छ।

हिमाली भेग मनाङ, मुस्ताङ (लौरी म्रोसो) अनि (उईसो चौरू) देखि क्वोलासौँथर आई बसोबास गरेको ल्हेब्री र पच्यु गुरूहरूले त मृतकको तीन दिने ह्विपए नै गर्दै आएको बुझिन्छ। तर,

लामाहरूले नरखोलादेखि नै टुन्डा चयाङपर गर्दै आएका थिए।

तमूहरू क्वोलासौंथर पुर्खौली थलोमा आई बसोबासको केही सालपछि क्वोलामा (चिमि उइठु) नामको व्यक्तिको मृत्यु भयो। चिमि उइठुको ह्रिपए स्याङलो पच्युगुरूले मात्र गरेको रहेछ। त्यसमा ल्हेब्रीगुरू सामेल थिएन। चिमि उइठुको मृत्यु पछि आस्योंदेखि आस्यौंक्वैं लुगा र स्योना (पाना) नदिइकन (पए) गरेको बुझिन्छ। यो कुरा पच्यु गुरूहरूको पएमा सेरगा गीत गाउँदा बुझ्न सकिन्छ।

चिमी उइठुको पएमा स्याङलो पच्यु गुरूले आफ्नै तान्त्रिक ज्ञानदेखि डिकुरी अथवा प्ल बोल्ने गरी सबैलाई चकित गरायो। चिमि उइठु तपाइँ स्वर्ग गयो कि गएको छैन भन्दा, म स्वर्ग पुगें। खाना लाउन पायो कि पाएन भन्दा पाएँ। मलाई केही दुख छैन भनेर जवाफ पाएपछि घर, परिवार, छोरी, ज्वाँइ, आस्यो, इस्टमित्रहरू सबैको चित्त बुझ्यो।

चिमी उइठुको पए अर्घौं गरेको केही महिनादेखि क्वोलासौंथर बस्ती माथी डाँडाको बुगिनीमा एउटा किरा कराउन थालेछ। जुन किरालाई हामी लेकाली तमूहरूको भाषामा (ज्योई) भनिन्छ। खास भाषामा त्यस किरालाई (झ्याङ्कुरी) नामले चिनिन्छ। क्वोलासौंथरको मानिसहरूले त्यो बुकिनीको डाँडामा किरा कराउन थाले पछि अनेक शंका अपशंका गरेक५न्।

एकदिन मनाङ नारखोलादेखि ठुलो लामा गुरू क्वोलासौंथरको आउँदै रहेछ। क्वोलासौंथरको डाँडा बुगिनीमा आइपुग्दा, उनले झ्याङ्कुरी किरा कराइ रहेको देख्नुभयो। लामा गुरूसँग अदृष्य कुरालाई पनि देख्न सक्ने शक्ति थियो। वहाँले यो साधारण झ्याङ्कुरी किरा होइन, यो कुनै मृतकको आत्माचित्त कराइ रहेको छ भनि चिने पछि गुरूले सोध्नु भयो, 'तपाइँ को हो ? यहाँ किन रोइबसेको?' त्यो युगमा चरा चुरूङ्गी र पशुहरू सबै बोल्थ्यो भन्ने गरिन्छ।

झ्याङ्कुरीले आफु क्वोलासौंथरको चिमि उइठु भन्ने व्यक्तिको आत्मा चित्त रहेको, मृत्यु भए पछि स्याङलो पच्यु गुरूले पए गरेपनि आफ्नो आत्मा चित्त नतरेको बताएछन्। अनि उनले आफुले धेरै दुख पाएकोले अरूले सुनोस थाहा पाओस् भनेर क्वोलासौंथरको बुगिनी डाँडामा रोइकराइ बसेको बताए छन्।

झ्याङ्कुरीले लामा गुरूलाई क्वोलासौंथर पुगेर क्वोलाका घले राजा र आफन्तहरूलाई खबर गरिदिन पनि अनुरोध गरेछन्। उनले फेरी (लौरी म्रोसा) देखि ल्हेब्रीगुरू र उइसो चौउरीदेखि पच्यु गुरू बोलाएर (पौंचुकौं) घनपोखरा गाउँदेखि आस्यौं टालो र स्योनपा गरी पए गर्नका लागि भनिदिन पनि खनुरोध गरे५न्।

लामा गुरूले चिमि उइठुको खबर क्वोलासौंथरको राजा र आफन्तहरूलाई सुनाइ दिए। चिमी उइठुको खबर पाएपछि क्वोलासौंथरमा राजाले पच्यु गुरू, ल्हेब्रीगुरू, चिमि उइठुको परिवार, भद्रभलादमी र बुद्धीजिवी जम्मा गरी एउटा बैठक राख्यो। घले राजाले पच्यु गुरूले मात्रै गरेको पएले मृतकको आत्मा नतर्दो रहेछ, अव पए गर्दा लामा गुरूलाई पनि सामेल गर्नु पऱ्यो भनेछन्। त्यसबेलासम्म लामा गुरूङहरूले टुन्डा च्याङपर मात्रै गर्दै आएका थिए।

लामागुरूले आफुसँग टुन्डा च्याङपर गर्ने मात्र किताब भएकोले ह्रिपएमा पढ्ने किताब नभएको

बताएछन् । घले राजाले क्वोलासौंथरमा अर्घौंको अभिभारा लामा गुरू र ल्हेब्री गुरूले मात्रै पाउने घोषणा गरे५न् । पच्युगुरूलाई पए थाल्ने अमिभार दिएछन् । यसरी कुनै पनि ह्रिपए गर्दा, तोकिएको समयमा पच्यु गुरूले पए चुँसी गर्ने र लामा तथा ल्हेब्री गुरूहरूले जग्गे तयार गरी पए गर्ने चलन बसेछ ।

घले राजाले लामा गुरूलाई ह्रिपएमा सामेल गरायो । लामा गुरूसँग ह्रिपएमा पढ्ने नभएकोले




बोनरो ल्हेब्रीले लामा गुरूलाई आफुले पढ्ने मुखाकार पे सिकाए। क्वीउड्ड लामाले उमी लिपिमा लेखि त्यसलाई किताब बनायो भन्ने लोताँसोताँ रहेको छ। तर, आजकल मलाई यस्तो लाग्छ कि किताब त बन्यो। तर रिन्पोछे गुरूसँग रजिस्ट्रेसन नगरेकोले बुद्ध धर्मको शास्त्र किताब (पेचा) दुनियाको कुनै मुलुकमा जानु भए पनि पाउँछ। तर यो गुरूङ जातिको (ह्रिपए) मा लामाले पढ्ने किताब नेपाल, भुटान, त्तिब्बत, चिन, इन्डिया अरू कुनै पनि देशमा पाउँदैन । यो किताब गुरूङ जातिको तीन दिने (ह्रिपए) मा मात्रै सिमित छ ।

केही दशक पहिला ह्रिपएमा पशु बलि दिने चलन पनि थियो । लामा गुरूहरूले पशु बण्लि दिने काम धेरै पहिला नै छोडी सक्यो । तर, ल्हेब्री गुरू र पच्यु गुरूहरूले निरन्तर गर्दै आएको छ । कुनै पनि धर्ममा पशु बलि दिइ पूजा गर्ने चलन उपयुक्त होइन। पशु बलि दिएर पूजा गर्ने चलनलाई हामीले छोड्नु पर्छ भन्ने मेरो बिचार हो। यो बिचार स्वीकार्नु भयो भने ठुलो पुण्य पाउने छ ।

विसं २०१४ सालमा मनाङ, नारखोला र मुस्ताङदेखि ठुल्ठुलो लामा गुरूहरू पोखरा आई बगरमा ३ दिनसम्म बुद्ध सम्मेलन राखेको थियो । त्यस सम्मेलनमा गण्डकी प्रदेशका धेरै जसो लामा गुरूहरू सहभागी भएका थिए । मनाङ, नाराखोला र मुस्ताङदेखि आएको लामा गुरूले दुई वटा एजेन्डा रखेका थिए ।

१. कुनै पनि बुद्ध पूजा र मृतकको पएमा पशु बलि नदिने ।
२. मृतकको घेवा वा आर्घौमा तीन दिने (ह्रिपए) छोडी टुन्डा चयाङपर गर्ने ।

उक्त गोष्ठीमा केही लामाहरू आएनन् । जुन लामा गुरूहरू आउनु भयो त्यसमा दुई भाग भयो । मेरो पिता लामा (पैडी) ज्योतिष चमरू लामा त्यस मिटिङमा सामेल हुनुहुन्थ्यो ।

पहिलो समुहका लामा गुरूहरूले अब हामीले (ह्रिपए) गर्दैनौ । पूजा र पएमा पशु बलि पनि गर्दैनौ भनि मन्जुर भइ लेखेको लिखितममा सही छाप लगाई घर गए ।

दोस्रो थरी लामा गुरूहरूले हाम्रो हिजोको परम्परादेखि चलि आएको संस्कारलाई छोड्दैनौ भनि लिखितम कागजमा सहिछाप नगरी घर फर्किए।

यसको परिणाम आज हाम्रो अगाडि छ। अझै पनि केही व्यक्तिहरूले (ह्निपए) गर्दै आएको छ। पशु बलि पनि चढाइरहेको छ।

२०१४ सालको बगरमा भएको सभाको समयमा म स्वयम् सोल्जर्स बोर्ड ट्रेनिङ हाई स्कुल, रामघाट पोखरामा अध्ययन गर्दै थिएँ। जुन स्कुललाई अहिले अमरसिंह माविको नामले चिनिन्छ। म त्यतिखेर १२ वर्ष उमेरको भए तापनि मैले त्यो लामाको सामेलमा भएका कुराहरू बारे बुझ्ने मौका पाएँ। यद्यपी सानो उमेरको हुनाले सबै कुरा थाहा नहुन सक्छ।

क्वोलासौंथरमा घले राजाले राखेको गोष्ठीमा लामा गुरूहरूलाई ३ दिने ह्निपएमा सामेल गराए पछि लामा गुरूहरूले पशु बलि दिइ ३ दिने (ह्निपए) गर्दै आएको बुझिन्छ। हाम्रो पुर्खाहरूले कति ठुलो पाप कर्म गर्दै आएका रहेछन्, जस्को मूल्याङ्कन गर्नु सक्दैनौ। पछि लामा गुरूहरूसँग ह्निपए थाल्ने, अलँ, प्ल बनाउने वेद लामा गुरूसँग पनि भएकोले पच्यु गुरूहरू बिना पनि लामाले ह्निपए गर्न सक्ने सुविधा छ।

ल्हेब्री र पच्यु गुरूहरूले गर्ने ३ दिने ह्निपएमा परम्परा अनुसार पशु बलि दिने चलन अझै पनि कायमै छ। हामीहरूले कति ठुलो पाप गरिरहेको छौं। फेरी लेख्दै छु, जुन पशु बलि दिएर पूजा गर्ने विधि कुनै पनि धर्म शास्त्रमा छैन।

**तीन दिने ह्निपएमा पशु बलि दिने कारणहरू**

१. पए थाल्ने बेलामा (थिच्यु) भनेर एउटा बाख्रा पच्युगुरूलाई।

२. पए थाल्ने राती (क्युकँया) भनेर एउटा बाख्रा ल्हेब्रीगुरूलाई।

३. पए थाल्ने राती (सिन्कु) भाले भनेर एउटा कुखुराको भाले पच्युगुरूलाई।

४. पए थाल्ने दोस्रो दिनमा (सस्यो) भनेर एउटा बाख्रा ल्हेब्रीगुरूलाई।

५. पए थाल्ने तेस्रो दिन बिहना (डौक्यु) भनेर एउटा भेडा ल्हेब्रीगुरूलाई।

६. पए थाल्ने तेस्रो दिन बिहना (गोक्यु थुक्यु) भनेर दुई वटा ल्हेब्रीगुरूलाई।

नोटः एउटा (प्ल)मा २ भेडा। यदि प्ल २ वटा छ भने ४ भेडा यसै जान्छ।

७. चल्ला निकाली सकेको कुखुराको १ पोथी ल्हेब्रीगुरूलाई।

हामी तमूहरूले आफ्नो पितृलाई स्वर्ग तार्ने भनेर कति पशुको बलि दिई रहेका छौं? पशुबलि दिई अफ्नो पितृलाई त स्वर्ग तारूँला। तर, त्यो पशुको आत्मा (चित्ता)लाई कसले स्वर्ग तर्ने? यो बडो गम्भीर प्रश्न हाम्रो अगाडि छ? हामी सबैले बिचार गरौं। पशु बलि दिने आज पनि यो चलन कुनै कुनै ठाउँमा कायम नै छ। पशु बलि नदिईकन पए गरे पनि हाम्रो गुरूङ समाजमा पए समाप्त भएको भोलीपल्टको विहनाको खानामा (प्रैंटा) भनेर इष्टमित्रहरूलाई मासुभात खुवाउने चलन अझै पनि छ। धेरैजसो परिवारहरूले त (फ्रेस हाउस) देखि मासु ल्याएर पकाई खुवाउने गर्दै आएको छ। कुनै परिवारले त बाख्राको खसी काटी पकाई खुवाइ रहेका छन्। यति ठुलो पाप

कार्य हामीहरूले गर्दै आईरहेका छौँ। बिचरा त्यो बलिमा परेको पशुहरू कुनै युगमा हाम्रो बाबा, आमा, दाजु, भाई, तथा दिदी बहिनीको नाता थियो होला। कुनै न कुनै नाता अवश्य थियो होला। तपाई हामीले तिनी निर्दोष पशुलाई बलि दिएर कति ठुलो पाप गरेका छौं। भगवान बुद्धले भन्नु भएको छ, एक पाली पाएको मनुष्य चोलामा धर्म गर्नु उत्तम कार्य हो। धर्म गर्नु भन्दा प्राणीहरूको प्राण बचाउनु अझै ठुलो धर्म हो।

त्यसैले, भगवान बुद्धले भन्नु भएको छ, सकेसम्म जाँड, रक्सी, मादक पदार्थ चुरोट, तमाखु, धुम्रपान मासु नखाएको राम्रो। मैले यस विष्यमा २०७९/०७/१९ गतेको (मुक्तिको लागि स्वच्छ मार्ग) को किताबमा लेखि प्रचार गरिसकेको छु।

खासमा मासु खानु नै हुदैंन भन्ने कुरा होइन। तर, नखाएको राम्रो। आफुले मारेर नखानु। खान मन लाग्यो भने फ्रेस हाउसदेखि काटेको मासु ल्याई खानु भन्ने भक्तजनहरूलाई मेरो सल्लाह सुझाव छ। आफ्नो हातले प्राणीलाई कहिलै हत्या नगर्नु। प्राणीहरूलाई हत्या गर्नुलाई आदेश पनि न दिनु। प्राणी मार्नु भन्दा पहिला मलाई २ किलो मासु राखी दिनु भनि एड्भान्स बुक गरी पैसा पनि नदिनु। यो मेरो सबैमा अनुरोध तथा सुझाव छ।

तमू जातिमा गरिने तीन दिने ह्रिपएमा राम्रोसंग पए दिन हेर्ने विधि पनि छ। टुन्डा च्याङपर गर्नुलाई दिन हेर्नु पर्दैन। ३ दिने ह्रिपएमा दिन हेर्नका लागि पैंडी ज्योतिषलाई निमत्याउनु पर्छ। नराम्रो दिनमा पए थाल्यो भने घटना नभई छोड्दैन। यस कारण पए दिन एकदम राम्रोसंग हेर्नु पर्छ।

### ह्रिपएमा पए सिगांर जुराउने बारेमा

पए सिँगार ४ वटा हुन्छन्। जस्मा प्रत्येक वर्ष १ वटा सिँगार चै मरेको हुन्छ। मरेको सिँगारलाई लिई पए गर्नु हुदैंन। कर्ताको घरमा मृत्यु हुन्छ। प्रत्येक वर्ष ३ वटा सिँगार जिउँदो हुन्छ। पए दिन हेर्दा, त्यो ३ सिँगारदेखि एउटा सिँगारलाई लिएर हेरिन्छ। प्रत्येक सिँगारलाई ३ नक्षत्रले भोग गरेको हुन्छ। जस्तो कि च्युलो, तल्हो, प्रलो, ल्होसुम खम, तपु तया सिँगार सिजे। उत्तरा फल्गुनी, हस्त र चित्र नक्षेत्र।

**चार प्रकारको पए सिँगारले यसो भन्छ**

१. तवूतय सिँगार– यो सिँगारमा ह्रिपए गर्न हुन्छ कि हुदैन भन्दा, हुन्छ भन्यो।
२. ग्याल्मे ग्याल्सी सिँगार– यो सिँगारमा ह्रिपए गर्दा ग्यालामु भन्यो।
३. गोमा गोसी सिँगार– यो सिँगारमा ह्रिपए गर्दा, पितृको चित्त बुज्छ भन्यो।
४. छैमै छेप्टु सिँगार– यो सिँगारमा ह्रिपए गर्दा, परिवारको आयु बढ्छ भन्यो।

**चार प्रकारको सिँगार कुन ठाउँमा बस्दा कुन ज्यमस्योले दिएको भन्ने बारेमा**

१. तवुतय सिँगार मुक्तिनाथमा तपस्या गरी बस्ने, लक्षा पहानी नाम गरेको ज्योमस्योले दिएको नक्षत्र उत्तर फाल्गुनी, हस्त र चित्र हुन्।
२. ग्यल्मे ग्याल्सी सिँगार, चो नासामा तपस्या गरी बस्ने, ओम पहानी ज्योमस्योले दिएको। नक्षत्र आद्रा, पुर्नवसु र तिष्खे हुन्।
३. गोमा गोसी सिँगार, मुइज्युमा तपस्या गरी बस्ने, डिमा पहानी ज्योमस्योले दिएको नक्षत्र अनुराधा, जेष्ठ र मूल हुन्।
४. छैमै छेप्टु सिँगार, चामेमा तपस्या गरी बस्ने, शर्मा पहानी ज्योमस्योले दिएको नक्षत्र

पूर्वभद्रा, उत्तरभद्रा र रेवाती हुन् ।

**चार सिँगार मरेको विवरणः**

(क) च्युलो, तलो, प्रलो, वर्ग आउँदा, तवुतय सिँगार मरेको हुन्छ ।

(ख) हिलो, फोलो, सवारी वर्ग आउँदा, ग्याल्मै ग्याल्सी सिँगार मरेको हुन्छ ।

(ग) लौँलो, ल्हुलो, ज्यलो वर्ग आउँदा, गोमा गोसी सिँगार मरेको हुन्छ ।

(घ) तोलो, खिलो, मुवरू वर्ग आउँदा, छैमै छैट्टु सिँगार मरेको हुन्छ ।

**मरेको सिँगारमा ह्विपए गर्नु हुदैँन, फलिफाप हुँदैन**

मृतक मृत्यु भए पश्चात घाटमा अन्तिेष्टी गरे पछि छोराहरूले कपाल खौरिएर सेतो लुगा लुगाएर नुन नखाई क्रिया बस्ने चलन छ। तर, मैले पएको बारेमा लेखेकोले यस सम्बन्धमा धेरै जान चाहन्न। मेरो भनाई यो हो क्रिया पुत्रहरू पञ्चशील र अष्टशिलमा बस्नु पर्छ भन्ने सल्लाह दिन्छु। मृतकको पए गरे पनि च्याङपर गरे पनि मृतकको मृत्यु भएको ४९ दिन भित्र पए गरेको राम्रो ।

## ह्विपएको दिन हेरउदा बिचार गर्नुपर्ने कुराहरू

ह्विपए गर्नु छ भने मृतकको मृत्यु भएको जोर महिना र जोर सालमा हुदैँन। मरेको महिना र मरेको सिङारमा पनि हुदैँन। औँसी र पूर्णिमाको तिथीमा पनि हुदैँन। चतुर्दशी, एकादशी पञ्चमी तिथीमा पनि हुदैँन। महिनाको अन्तिम दिन, औँसीको, षष्ठी, पूर्णिमाको तृतीय तिथीमा पनि पएको दिन दिनु हुदैँन ।

(क)कर्ता परिवारको ल्हो वर्गहरू, त्यस्तै क्रशा गर्ने छोरीको वर्ग, आंस्योको वर्ग, त्हक्रको वर्ग, अनि सोग्याको वर्ग, यी सबैको वर्गलाई छलेर दिन निकाल्नु पर्छ। स्यरदो डीमा र बगाले डीमा दुबैमा वर्ग छल्नु पर्छ। स्यारदो डीमाले एउटा वर्गले ६० घडी २४ घण्टा भोग गर्छ। पए थाल्ने दिनमा २४ घण्टासम्ममा माथी लेखेको कर्ता छोरी, आस्यो, त्हक्र, सोग्योको वर्ग (ल्हो) पार्नु भएन। बगाले ङिमाले एउटा वर्गले ५ घडी भोग गर्छ। पए थाल्ने समयमा कर्ता छोरी, आस्यो, त्हक्र, सोग्या र इनीहरूको वर्ग चलिरहेको बेला पए थाल्नु हुदैन। परिणाम राम्रो हुदैन ।

(ख) मृतक मृत्यु भएको जोर महिना र जोर सालमा पए वा ह्विपएको दिन दिनु हुन्न ।

(ग) मरेको सिँगारमा पए दिन दिनु हुदैँन ।

(घ) औँसी र पूर्णिमा तिथीमा पए दिन दिनु हुँदैन ।

(ङ) संक्रान्ति र मसान्तमा पए दिन दिनु हुँदैन ।

(च) चर्तुदर्शी तिथीमा पए दिलन दिनु हुँदैन ।

(छ) घनिष्ठ नक्षत्रमा पन्चोक पर्छ पए दिन दिनु हुँदैन ।

(ज) पंचामी तिथीमा पन्चोक पर्छ पए दिन दिनु हुँदैन ।

(झ) एकादशी तिथीमा पन्चोक पर्छ पए दिन दिनु हुँदैन ।

(ञ) मंगलबारमा पनि पन्चोक पर्छ पए दिन दिनु हुँदैन ।

असुनि (मुरू) भनेको घडीपाला ।

स्वाती मुरू भनेको घडीपाला ।

स्रवान मरू भनेको घडीपाला ।

अस्लेस मुरू, मुरूको घडीपालाले फेला पार्ने नगर्नु

घटना हुन सक्छ।

ना नोबा र ना रिबा, जस्तो कि चैत्र महिना सर्प वर्गले उज्यालो गरायो।

दिन हुने र रात हुने, जस्तो कि चैत्र महिना कुकुर वर्गले रात गरायो।

प्रत्येक सालमा एउटा महिना मरेको हुन्छ। मरेको महिनामा पए दिन दिनु हुँदैन।

(ट) कुनै मान्छे मलिमासमा मरेको छ भने पए पनि मलिमास महिनामा गर्नुपर्छ।

(ठ) सोग्या तलो घोडा वर्ग आउँदा, हिलो बिरालो वर्ग सोग्या हुन्छ। म पुष तोलो हो। माघ तोलो खेलाउनेहरूको सोग्या हामीसँग मिल्दैन।

(ड) पए थाल्ने दिन भन्दा, पहिला लदिन र सिँदिन सोग्याले गर्नुपर्छ। त्यस दिनमा पए सिँगार पनि हुनु पर्छ। लाभ या शुभ बेलामा सोग्याले लदिन सिँदिन गर्नु पर्छ।

## लदिन र सिँदिन गर्ने तरिका

ज्योतिषले दिएको समयमा स्योग्याले आगनमा मान्द्रो बिछाए पछि दिन छोप्ने। मान्द्रोलाई घोप्टो गरी बिछाउने। एक पाथी धान उल्टो गरी पाथीमा भर्ने र मान्द्रोमा उल्टोगरी खनाएर बिसुन (धान) सुकाई राख्ने। ८-४ या ४ रोटी एक बोटल रक्सी, धूप, अक्षता, फूल, सलाई, हाँसी, खारपिटो लिई (बन)मा जाने। पाएसम्म कटुशको रूखको मुनि जाने। त्यहाँ धूप बाल्ने, अक्षता, फूल, रोटी, रक्सी, चढाएर मात्र राख्ने। फलना मृतकको पएको लागि ८वटा कटुशको पात, ८बाट कटुशको दाउरा लैजान आएको छु, भनि पात र दाउरा लिई फर्कने।

मृतकको घरमा पुगे पछि सुकाएको धानलाई उल्टो फर्की उठाउनु र धानलाई उल्टो पारि ढिकीमा कुट्ने। कुटेको धानलाई नाङलोमा हाली निफन्ने। ५ मुठी जति चामल निकाली पकाउने। त्यो पकाएको भातमा मर्चा हाली मुछ्ने, त्यस मुछेको भातलाई एउटा टपरीमा हाली ८ वटा पात र ८वटा दउरा (जाँड) ८ पात, ८ दाउरा, चामलको अक्षता एउटा चोखो टालोमा पोको पारी कसैले नभेट्ने ठाउँमा राख्ने। यसरी लदिन र सदिन गरिन्छ।

जुन दिन, जुन समयमा पए थाल्नु छ, त्यतिखेर त्यो चामल अलिकति पच्युलाई, लामालाई र ल्हेप्रैंलाई दिएर, पए चुँसी भइसके पछिको ८ दाउरा वा सिठो आगोमा बाली, एउटा दाउरो लामाको डेरामा, पच्यु गुरूको डेरामा, ल्हेप्रैंको डेरामा, आँस्योको डेरामा, भान्सामा, आस्योको स्योना पा त्यसै राखेको जाँडा अलिकति लामाको जग्गेमा, अलिकति गोदामको रक्सीमा हाल्ने। यसरी लदिन र सिँदिन गरिन्छ। लदिन र सिँदिन गर्ने व्यक्ति केटा मान्छे होस्। १८ वर्ष देखि माथीको उमेरको होस्। अनि बाबा, आमा नभएको खोटीले मात्र लदिन र सिँदिन गर्नुपर्छ।

## तमू पएको प्रकारहरू

१. सोपए– यो सोपए भनेको जिवित अवस्थामै अन्तिम संस्कार गर्नु हो।

२. ह्रोपए– यो ह्रोपए भनेको दाह संस्कार गरेकै दिनबाट उठान गरिने संस्कार हो।

३. ह्लिपए– यो ह्लिपए भनेको बिधि बिधान मिलाएर गरिने अन्तिम संस्कार हो।

४. खुइपए– यो खुइपए भनेको एकरातमा समापन गरिने संस्कार हो।

५. तुँपए– यो तुँपए भनेको संयुक्त रूपमा गरिने अन्तिम संस्कार हो।

६. छ्ह्त्यूपए– यो छ्ह्त्यूपए भनेको दुई तीन पुस्ताको एकै पटकमा गरिने संस्कार हो।

### ढोसी गर्ने

सबभन्दा पहिला ज्वाँइले ८ वटा रोटी एक बोत्तल रक्सी एउटा खादा चढाएर आस्योलाई ढोसी गर्ने। त्यस्तै लामा गुरू र पच्यु हाल्ने पए छ भने, पच्यु गुरूलाई पनि ८वटा सेल रोटी एक एक बोत्तल रक्सी अनि एक/एक वटा खादा चढाएर सम्मानसहित ढोसी गरिन्छ।

२. ह्विपएमा लगभग ५ दिनसम्म समाज दाजुभाइहरू सबै सहभागी हुन्छन्। सबैभन्दा पहिला पएका लागि डेरा बनाउनु पर्ने हुन्छ।

३. दोस्रो दिन पए थाल्ने दिन व्यवस्था मिलाउने र पए थाल्ने।

४. तेस्रो दिनमा ह्वितेसी गर्ने।

५. चौंथो दिन पए फाल्ने दिन।

६. पाचौँ दिनमा प्रैटा गर्ने। विदा बाजी गर्ने थन्काउने।

ह्विपएमा अलँ चाहिन्छ। पए थल्ने दिनमा तकराले ४ रोटी, १ बोत्तल रक्सी, धुप अक्षता लिई बाँसको थानमा गएर मृतकको नाम लिई वहाँको पएको लागि रोटी, रक्सी चढाई ८ हातको ८वटा आँख्ला भएको बाँस काटी ल्याउनु पर्छ।

पए थाल्नुलाई पैडी ज्योतिषले पए चुँसीको लागि दिएको समयमा, आगनमा मान्द्रो घोप्टो गरी ओछ्याउने। त्यस माथी गुन्द्री, कम्बल, च्यादर आदि बिछ्याएर पश्चिमतर्फ एउटा सिरानी राख्ने। सिरानी माथी ८हातको बाँस अलँ राख्ने। अलँको शिर पश्चिमतर्फ सिरानी माथी सुताई राख्ने। साथमा ८हातको नैनसुतको सेतो लुगा तयार गर्ने। कर्ता आँस्यो, चेली, छोरीहरूलाई दाजुभाइहरू, इष्टमित्रहरूलाई प्रसाद, रक्सी, अक्षता, फुल, सबै तयार गरेर त्यो ओछ्याएको मान्द्रो वरिपरि धुप बत्ती बाली राख्ने। करूको पिठो ३-४ किलो जति त्यसमा दुध, दही, घिउ, चिनी, गुड, खुदो मिलाई मुछेर राख्ने। त्यो पिठो सुर हाल्नलाई हो। कर्ता देखि तकरालाई थालीमा अक्षता, फुल, भेटी, अनि एउटा पैरू अथवा एउटा (रूपा) तयार गरी राख्ने। उता तकराले एउटा ठुलो खाले चक्कु या खुकुरी ठोक्नलाई एउटा मुडो तयार गरी राख्ने। अघि पैडी ज्योतिषले पए थाल्नलाई दिएको समयमा आगनमा मान्द्रो बिछ्याउने। त्यसले दिन छोप्यो, भनेर बुज्नु पर्छ। यता ज्वाँइले कालो टिका बनाई, कर्ता परिवार दाजु भाइहरू, चेलीहरू र सम्बन्धित व्यक्तिहरूलाई कालो टिका लगाई दिने काम गर्ने।

अब पए थाल्नु भन्दा पहिला लामा गुरूले कर्ता, छोरी, आँस्यो, दाजुभाइ, इष्टमित्रहरूलाई सन्देश दिनुहुन्छ कि, अब तपाईंहरू त्रीरत्न अर्थात बुद्ध धर्म र संघको शरणमा गएर, आफ्नो मृतकको आत्माले सुखवती भुवान प्राप्त गर्नु पवोस् भनि धूप बत्ती बालेर बुद्ध, धर्म र संघलाई कमसे कम तीन पाली ढोग्ने।

लामा गुरू र ल्हेब्री गुरूले गरेको अर्घौमा पच्यु गुरू छ भने पच्यु गुरूले नै ह्विपए थाल्छ अथवा चुँसी गर्छ। लामा गुरू मत्रै छ भने लामा गुरूले आफ्नो विधि अनुसार पए थाल्छ। अब लामालाई ज्वाँइहरूले धूप, अक्षता, फुल, भेटी, सेलरोटी र रक्सी टक्राउँछ। सिउरी धुप हाले पछि लामा गुरूले पए थल्ने कार्य सुरू गर्छ। सङ्छेप जिल्लव

सङपो ज्योदपी मोलम छ्योपा जिल्लव सिरग्याम जिन्फेक पाठ पढी सकेपछि लामा गुरूले मृतकको नाम लिई (देम्बा) गर्नु पर्छ। देम्बाको अर्थ मृतकको आत्मालाई त्यहाँ बोलानु हो। यो देम्बा भनेको वाक्यमा लामा गुरूले ३ पाली पढ्नु हुन्छ। आखिरी पाली देम्बामा त्हक्रले अलँको टुप्पोमा खुकुरीको अगाडिको भाग राखी मुडोले ठङ्ङ हान्नु र यता लामा गुरूले ढ्याँग्रो र झ्याली झ्याम्म बजाउनु पर्छ। उता विसाल स्युई बजाउने। यो सबै काम एक साथ हुन्छ।

त्यहाँ आगो सल्काई बालेको आगोको एउटा सिठो लामाको जग्गेमा, एउटा सिठो आँस्योको डेरामा, पच्यु छ भने पच्युको डेरामा, आस्योको डेरामा, भन्सारमा र चेलीबेटीको डेरामा पुऱ्याउनु पर्छ। त्यसरी बलेको सिठो आ-आफ्नो ठाउँमा बाल्छन्। तगराले बाँसलाई ८ ठाउँमा चिरा पारेर नैनसुतको कपडालाई त्यहाँ बाध्ने। लामा गुरूले हेथुनको पाठ गरी। मृतकलाई खाना खुवाई यता ज्वाँइले आगोको कोइला तयार पार्छन र कर्ता परिवार, चेलीहरू, दाजुभाइहरू, इष्टमित्रहरूले मृतकलाई भोजन गराउन शुरू गर्छन्। तगरा, चेलीबेटी, ज्वाँइ, दाजुभाइ, मिली (अलँ) को टुप्पोमा प्रसाद, खाता, छ्युट सजाइ चुयाले बाँधेर घरको घुरीमा बाँधेर राख्छन्। यसरी बाँधेर राख्नुको अर्थ यो गुरूङको मौलिक संस्कार हो भनेर बुझ्नु पर्छ। यसरी संस्कारहरू गर्दा, ह्युलये प्ये क्ह्यलये क्ष्या भनेझै गाउँ र ठाउँ अनुसार अभ्यासमा धेरथोर फरक भए पनि मूल भावमा भने खासै फरक हुदैन।

### तीन दिने ह्रिपए

## पहिलो दिन

लामा गुरूले पए थाले पछि पहिला दिनको पएको जग्गे तयार गर्छन्। तोर्मा (कैदु) बनाउने थङ्गहरू झुन्डाउने र आफ्नो किल्खोर सजाउँछन्। जग्गेमा चाहिने समानहरू लामा गुरूले ज्वाँइद्धारा कर्ताको घरदेखि ल्याउन लगाउँछन्। लामा गुरूको सम्पूर्ण जग्गेको काम सकेपछि लामा गुरूले कर्ताको परिवार, चेलीहरू, दाजुभाइ र आस्यो सबैलाई बोलाई केही धर्मको कुरा सुनाउँछन्। तीन दिनको पएमा पशु बलिको कार्य नगर्ने, चुरोट, तमाखु, मादक पदार्थ नखाने/नपिउने। समय समयमा जग्गेमा धूव बत्ती गर्ने। ढोग्न सक्नेले १०८ पटकसम्म ढोग्न सकेमा पुण्य प्राप्त हुनेछ। त्यो पनि भएन भने कमसे कम ३ पटक ढोग्नु पर्छ। आफ्नो पितृ मुक्तिको लागि पञ्चशीलको पालना गरी ॐ मणि पद्मे हुँ को मन्त्र जप्ने।

### पञ्चशीलका नियमहरू

१. बिना कारण प्राणी मार्ने, हत्या वा हिंसा नगर्ने।

२. अर्काको धनमाल स्वीकृति नलिइ नचोर्ने।

३. कसैलाई पनि झुटो ब्यबहार नगर्ने।

४. ब्यभिचार वा खराब नियत नगर्ने।

५. मद लाग्ने मादक पदार्थको सेवन नगर्ने।

### अष्टशीलको नियमहरू

पञ्चशीलमा अरू ३ वटा शीलहरू थप्ने।

६. बिलासित बस्तुहरूको उपभोग नगर्ने।

७. दिनको एक छाक मात्र भोजन गर्ने।

८. कुनै पनि उपहार, मान, सम्मान र सेवा सत्कारहरू ग्रहण नगर्ने।

यसरी लामा गुरूले कर्ता, छोरी, आँस्यो र दाजुभाइलाई उपदेश दिए पछि कर्ताले जग्गेमा धूप, दीप गरी ढोग्नु पर्छ। आफ्नो पितृले सुखवती

भूवनमा बास होस् भनि, मन, बचन र कर्म शुद्ध गरी ऊँ मणि पद्मे हुँ भनेर जप्नु पर्छ। अनि मात्रै लामा गुरूले पढ्नु सुरू गर्छ। गुरूले आफ्नो चावी लामा गुरूलाई सिरमा राखी स्वयं गुरू पद्मसंभवको रूप धारण गरी पढाइ सुरू गर्छ।

यसरी पढाइ गर्दा, रम, यम, खम शब्द पढी बुम्बाको ठयुई पानीले जग्गेलाई शुद्ध गरी कर्ताहरूलाई पनि ठयुई पानी दिइन्छ। कोदोको जाँड अलिकति जसलाई (पाना) भन्छ। त्यसमा अलिकति मर्चा धुलो हाली त्यसले पितृ पूजा गरिन्छ।

अब गुरूले सब भन्दा पहिला च्यु-छेवा च्युको पे पढ्छन्। यसमा धेरैजसो पढ्ने शब्दहरू गुरूङ भाषामा पढ्छन्। यसको साथ मृतक जसको पए गरिरहेको छ, उनको चित्त बिज्ञानलाई निम्त्याउँछ। साथमा घरको पितृहरूलाई पनि निम्त्याउँछ।

- सोल्जे गर्ने (पे) पढ्नु पर्छ। यो पे पढेर, जग्गेमा सबै पितृहरूलाई धुवाको सिलो दिइन्छ। पुराना पितृहरू जसलाई निम्त्याएको थियो, उनीहरूलाई बिर्सजन गराउछन्। तर जसको नाममा (पए) गरेको छ। उनको चित्तविज्ञानलाई तीन दिनसम्म त्यही राखिन्छ। च्याङपर
- पोले पछि उनलाई ३ दिनको पएको विधिविधानले नै मुक्ति गराउँछ।
- सेल्दो कोरब गाउँको सिमी भुमी र त्रिरत्नलाई मृतको मुक्तिको लागि प्रर्थाना गर्ने।
- ङारदो गर्नें। ङारदोको अर्थ लामाको नाच (छम) नाच्ने। ताल बजाउने र गुरू टकपो, सिङदोम, मानिक नाच नाच्ने। मुखार, कदेन्बा, लेलागो, क्याप्टोसैकी, छामकोबा पाठा पढी धर्म पालहरूलाई चार दिसामा राख्ने।
- ग्यलानेसी किताब पढने। कर्ताहरूको रक्षाको लागी तोरमा भन्ने।
- सिरग्याम पाठ गरी धर्मापल र सिमे भुमेको पूजा गर्ने।
- स्याल्लेखाँको पाठ पढी मृतकको नाममा पूजा गर्ने।
- आफुले मानी आएको हिदम (इृष्टदेव)को पूजा, मृतकको मुक्तिको लागि गर्ने।
- गुरू रिन्पोछेको पाठ पढी, मृतकको मुक्तिको लागी पूजा गर्ने।
- १०८ बत्ती बाली मरमे मलम पाठ गर्ने। मृतकलाई अँध्यारोमा बाटो पाओस्। ४२ वटा शान्तिको देवता ५८ कोर्धी देबताहरूले मृतकलाई बाटो देखाएर मुक्ति पावस् भनेर।
- बिहानपख फोलकै भनेर भातको सानो सानो डल्लो गरी, पूर्व, दक्षिण, पश्चिम र उत्तर दिसातिर फाल्ने। टोल या दोबाटोमा एउटा एउटा डल्लो दिने।
- किल्खारे जग्गेलाई टसी मंगल गरेर बिदा गर्ने।

## दोस्रो दिन

पहिला दिनमा जस्तै दोस्रो दिन बिहान नयाँ किल्खोर जग्गेको लागि तोर्मा कैदु बनाई जग्गे तयार गरेर सजाउने। जग्गेमा चाहिने च्यु, अक्षता र अरू समानहरू ज्वाँइद्बारा मगाउने। यता लामा गुरूले (क्यानकोई) को पाठ गरे पछि ज्वाँइलाई बाहिर माटो खन्न पठाउने। २ पाथी जति मोटो ल्याए पछि किल्खोर नामको पाठ गरे पछि सुविधा

हुने ठाउँमा माटो बिछ्याएर चारपाटे मिलाए पछि त्यसको माथी (किल्खोर मण्डल वा दोर्जे गेटाम) लेखि त्यस माथी चोखो बुम्बा राख्ने (अथवा) डुन्डाकारीको रूपमा राखी बाहिर देखि पञ्चबुद्धको चित्र भएको गेबुले चारैतिर बारेर राख्ने। ४२ वटा शान्ति देव र ५८ वटा क्रान्ती देवको चकली (माईकिल) लगाएर चार सुरमा चार धर्मपालहरू राख्ने। यति सबै तयार भए पछि लामा गुरूले घरको कर्ता, छोरी, दाजुभाइ र अस्योलाई बोलाई जग्गेमा बसाली बत्ती धुप बाल्न पठाउने। त्यो पञ्चशील र अष्ठशीलाई अमल गरी (छ्या) गर्ने त्रिरत्नको सरण परी प्रथना र (मनी जप्ने) बारे बताउँछन्। कोदोको जाँड अलिकति मर्चा मिलाएर गुरूले एउटा बटुकोमा राख्छन्। त्यसदेखि पितृ पूजा गनुपर्छ।

- च्युछेवा पे पढ्ने र मृतकलाई फेरी निम्त्याउने। उनको चित्त बिज्ञानलाई किल्खोरमा जग्गेमा राख्ने। अरू पितृहरूलाई पनि निम्त्याउने।
- सोल्जे पाठ गरी धूपको सिलो दिने र पुरानो पितृहरूलाई बिर्सजन गर्ने।
- ङारदो गर्ने। ङारदोको अर्थ लामाको (छम) नाच गर्ने। तालहरू जस्तो गुरू टाकपो अनि सिङदोमा, मानिङ देवहरूको (छाम) नाचको ताल बजाउने। कदेन्बा, लेलाको, क्याप्टो सैकी इष्टदेवहरूको पुकार छामकोईब पढी धर्मपालहरूलाई चार दिशामा राख्ने।
- ग्यालानेसी किताब पढी कर्ताहरूको रक्षाको लागी तोरमा फाल्ने।
- सिरग्याम पाठ गरी धर्मपाल र सिमे भुमेको पूजा गर्ने।
- स्याल्लेखाँको पाठ गरी पितृ मृतकको मुक्तिको लागी कामना गर्ने।
- हिदम् (ईष्टदेव) को नाउमा मृतकको मुक्तिको लागि पूजापाठ गर्ने।
- गुरू स्पिोर्छेको पाठ गरी मृतकलाई मुक्ति हुन भनि सुनाउने।
- तापके पाठ गरी ज्वाँइलाई बनमा पठाउने (प्ल) बनाउनलाई (नैरे) वा (एरा) र सकीको पात काठ काट्नुलाई त्यतिखेर पनि ज्वाँइलाई ४ सेल रोटी १/२ बोत्तल रक्सी धूप अक्षता चढाएर मत्रै काट्ने।
- दिपके पाठ गरी काटेर ल्यएको नैरेको काठ र (एरा)को काठलाई अङ्गनमा लाने जनाउँछ। संगमा सखिको पात सिरो राख्ने।
- आङकुर पाठ गरी (प्ल) डिकुरी बुन्नु पठाउने (प्ल)को तल भाङराको पाटो हाल्ने। बिचमा एराको काठ चार सुडम नैरे हाल्ने। बिचमा (सिरो)को पात हाली माथी (प्ल)को टाउकोमा छ्युट राखी बाँद्ने।
- चेलीहरूले (प्ल) डिकुरीलाई नयाँ लुगा लगाएर पैराउने।
- कर्ता, चेली, दाजुभाइ र अस्योलाई १०८ बत्ती बाल्न पठाउने। बाली सकेपछि छ्याप हाल्ने अनि मन्डाल चढाउने। कर्ताले ५ वटा बत्ती थालीमा राखी उचाल्नु पठाउने र लामा गुरूले मरमे मलामको पाठ पढ्ने।
- ह्नि लिन जानुलाई लामा नाच्ने बेलामा, छोरीले प्ललाई क्रशा गर्नुपर्छ। त्यसको लागी पहिला नै चरेसको थाल, कचौरामा घिउँ हाली राख्नु पर्छ। त्यसै घिउँले क्रशा गर्नुपर्छ।

- बर्सा हान्ने बेलामा, एउटा घोचाले एउटा सानो काठको फलेकलाई भुईमा राखी फलेक माथी कर्ता, दाजुभाइ र अस्योले घोचाको टुप्पोले हान्नु पर्छ। यो काम (ह्नि) लिन जानु भन्दा पहिला गर्नुपर्छ। बर्सा हान्नेको अर्थ नरकको ढोका फोर्नु हो। यसबाट मृतकको चित्त विज्ञानले बाटो पाउछ। बर्सा हान्दा, क्रियापुत्रहरू र दाजुभाई अनि आखिरीमा आस्योले हान्दा, फलेक फुट्नु पर्छ। यो काम (पए) गर्ने मुल गेट बाहिर गर्नु पर्छ।
- ह्नि लिनुलाई पूर्व दिशा गरी लिनु पर्छ। लामा गुरूलेले ह्नि लिई सकेपछि ज्वाँइले एउटा चोखो गुन्द्री र चोखो कम्मल ओछ्याइ दिनु पर्छ। त्यस माथी लामाले नाचेर लिई सकेको ह्नि राख्ने। त्यसलाई लामाले भूतप्रेतदेखि छुट्‌याउने मन्त्र पढि भूतप्रेतसंग छुटाउँछ। त्यसलाई चेलीहरूले लावा, प्रसाद, रक्सी चढाई, त्यो प्रसाद फेरी ज्वाँइले त्यहाँ वरिपरि एउट ठाउँमा आगो फुकी सुर हाल्छन्।
- ह्नि ल्याएपछि लामा गुरूले (प्ल)मा मनि किताब पढि मनडोसी गर्छन्।
- (प्ल) राख्ने ठाउँमा आस्योले (स्योना पा) ३ पाली तुरूक तुरूक भुइमा हाली (स्योन, पा) खसालेको ठाउँमा आँस्योले दाहिने खुट्टाको कुरकुच्चोले ३ पाली टेक्ने। त्यस्तै देब्रे खुट्टाको कुरकुच्चोले ३ पाली टेक्ने र त्यसमाथी (प्ल) डिकुरी राख्ने।
- लामा गुरूले आस्यो स्याङतरको पाठ गरे पछि, आँस्योले ल्याएको प्यूरी पहेँलो (पाठ) लुगा प्लमा ओडाउने। त्यसपछि मृतकको मुक्तिको लागि मृत्युमन्त्र (सिताँङो) सुनाउने। यसलाई (म्हो) ज्वाइले यसरी फलाक्नु पर्छ– चु आस्योँप्यूरी दि सबलिँब क्यो फलनइ ..... भब। चु फोखेँमा चदु। क्युफिमा थुनु। प्रमा न्हेँलदु। खुमा पोदु। ङिहमा थुलदु। चु आस्याँप्यूरीइ प्रभावजिइ सैँर मैब योँदु। क्याँख्हौं क्याँफिह्र अलमल अतनि सरसर खेमानेदि झ्यालने। क्हि भूतप्रेत दे पिचासलि अप्रदु। भगवान बुद्धये कोखर याइ बास किनु। प्रबछ दे रिँबछ क्हि भोइर यादु। त्हुँबछ दे ह्रिँबछ क्हि परिबारफिर लातेइर यादु।
- ग्याल तोबा, कर्ता र आस्योको पितृहरूको नाम सुनाउने।
- सातो बोलाउनेको लागी पोउचु नामको किताब पढेर सातो बोलाउदा जुन मृतकको (पए) गरेको छ तिनको चित्त विज्ञान मत्रै बोलाउने हो। अरूलाई पन्छाउनु पर्छ।
- मृतकको सातो नराम्रो चिजहरूले नरोकोस भनी, सुरग्यामको पाठ गर्ने।
- छिरकोल पाठ गरी छोक चढाउने।
- स्याल्लेखा र डबाकोल छोडी सातो बोलाउने।
- डबाकोल छोडेर पनि कुनै कराणले सतो अएना भने (हिजीकोल) छोड्ने।
- सातो बोलाए पछि इष्टदेवहरूलाई बिदा दिने।
- सैह पाठ पढी धूप हाली सिलो दिने। बाहिरा सुर हाल्नु पठाउने।
- तोरमा छ्यासुमपाठ पढी पिरूवा चिजहरूलाई भाग दिने।
- काङ्नी पाठ गरी यमाराजलाई बुजाउने।
- सिठो पाठ गरी ८४मा नपर्नु। मुक्त हुनु भनि मृतकलाई सुनाउने।

- सैता पाठ गरी मृतकको नाममा सुन, चँदि, पैसा, भाँडा, लुगा, खाने, चिज, सबै दान गर्ने ।
- ट्होकैं दिने पाठ पढी मृतकको लागि खना खुवाउने र सुर हाल्नु पर्छ ।

### तेस्रो दिन

- च्याङपर पहिला दिनमै स्थापना गरी राखी सकेको हुन्छ ।
- चाखोर पाठ गर्ने र च्याङपरलाई वाङ दिने ।
- डेल्वा रूठु पाठ गरी मृतकको चित्त विज्ञानलाई ६ लोकमा जन्म नहुनु भनी सुनाउने ।
- प्रिगी गर्ने पैडी ज्योतिषले दिएको समय अनुसार, भन्सा घरदेखि एउटा चोखो ताउलो डाडु, पनियो, ओदान जम्मा गरी अलग राख्नु पर्छ। त्यसलाई पच्चुगुरूहरू छ भने पए फालेको राती था-क्याराब गर्दा चाहिन्छ। लामा गुरू मत्रै छ थसौं फल्दा चाहिन्छ ।
- डटाल किताब पाठ गरी मृतकको चित्र विज्ञानलाई नर्कलोक, प्रेतलोक, पशुलोक देखी छुटाइ सुखवती भुवनमा पठाउदा, लामा नाच्छ ।
- १०८ बत्ती बाली मृतकको चित्त बिज्ञानलाई उज्यालो दिने। ४२ वटा शान्ति देव ५८ वटा क्रोधी देवहरूलाई मनाउने र प्रथाना गर्ने मृतक मुक्तिको लागी ।
- छैता पिले पाठ गरी मृतकको चित्त विज्ञानलाई आर्शिवाद दिने ।
- (नेलुङ्) च्याङपर होरस्यो पाठ गरी च्याङपर पोल्ने र मृतकको चित्त बिज्ञानलाई सुखवती भुवानमा पठाउने ।
- पल्खी खु पाठ गरी मृतकको चित्त विज्ञानलाई प्रसाद खुवाउने र सुर हाल्ने ।
- परिवारजनले मृतकलाई अन्तिम भोजन (फिर्कैंए) दिने र सुर हाल्ने ।
- तोरमा लामतेन पाठ गर्ने। पए सेलाउनको लागि अलँ झार्ने। लामा नच्दै, अलँ लिएर त्हक्र अगाडि हिँड्छ। त्यसपछि बाटो समात्ने मान्छेहरू सहित पश्चिम दिशातिर जान्छन् ।
- बर्सा हान्ने बेलामा, एउटा घोचाले एउटा सानो काठको फलेकलाई भुईमा राखी फलेक माथी कर्ता, दाजुभाइ र अस्योले घोचाको टुप्पोले हान्नु पर्छ। यो काम (पए) लेसिँमा जानु भन्दा पहिला गर्नु पर्छ। बर्सा हान्नेको अर्थ नरकको ढोका फोर्नु हो। यसबाट मृतकको चित्त विज्ञानले बाटो पाउछ। बर्षा हान्दा, क्रियापुत्रहरू र दाजुभाई अनि आखिरीमा आस्योले हान्दा, फलेक फुट्नु पर्छ। यो काम (पए) गर्ने मुल गेट बाहिर गर्नु पर्छ ।
- पए सेलाउन जाँदा, क्रिया पुत्रले, धनुष काँड हान्नु पर्छ। यसरी हान्दा, पूर्व, दक्षिण, पश्चिम, उत्तर दिसा, आकास र जमिन तर्फ हान्छ। यो पनि चारै ढोका खोल्नु हो। पए सेलाउने ठाउँमा आस्यौंको स्यानो पा (ठेटी) लामा गुरूले केही मन्त्रको शब्द पढे पछि। त्यस (ठेटी)लाई घुमाएर फालीदिन्छ। यसले शुभ अशुभ जनाउँछ ।
- पए पश्चिम दिशातिर सेलाउछ। सेलाउदा (ह्रि फुरबा) पाठ गर्नु पर्छ। प्लमा राखेको कपडालाई पोको पारेर आस्यौंको पाठमा राखि दुइ जना ज्वाइहरूले एक एक वटा टुप्पमा समातेर हल्लाएर समापन गर्ने ।

- पए सेलाए पछि टशीमंगल गर्ने ।

### पा (ठेटी) फाल्ने बारे

- यसरी फाल्दा, ठेटीको मुख सिदा अगाडि भए राम्रो। ठेटीको मुख उल्टो पछाडी फर्कायो भने असुभ मानिन्छ। ठेटीको मुख दाहिनी हाततिर भए आँस्यो पिर्छ। ठेटीको मुख देब्रेतिर भयो भने छोरी पिर्छ भने मान्यता छ। पए सेलाउने ठाउँमा ज्वाँइले आगो बाली फोहर मैलाहरू जलाउने। क्रिया पुत्रले कपाल काट्ने र आस्यौंले दाजुभाइहरूलाई चन्दनको टिका लगाई शुद्ध गरिन्छ। त्यस पछि घरतर्फ फर्किन्छन् ।
- पए सेलाएर पछि कर्तालाई किल्खोर जग्गेमा बिदा, गर्नका लागि टसीमलम गर्छ ।
- जहाँ बुम्बा, डुन्डाकारी र मइकिल ४२ वटा शान्ति देव ५८ वटा क्रोधी देब राखेको ठाउँमा लामा गुरूले शान्तिका लागि थरो पाठ गर्नुपर्छ ।
- त्यसपछि लामा गुरूले चोखो थासौं फाल्छा। थासौंको कैदु १२ ल्होमा पनि शुभ र अशुभ हेरिन्छ। अशुभ देखिए ग्रह शान्ति गर्नु पर्छ। त्यसपछि थासौं (कैदु)लाई एउटा (च्यामले) मा राखी आगनदेखि माथी पिडीमा चढ्रे सिडिमा राख्छ। चोखो पानीको आङखोरा घर भित्र बाहिर छट्काएर शुद्धी गरिन्छ। कर्ता, दाजुभाइ, चेली सबैलाई त्यो थाँसौं कैदु माथी हात खुट्टा सिर चोखो गरी शुद्धी गरिन्छ। थाँसौं कैदुको च्यामले डहार तीन दोबाटोमा फाल्ने चलन छ।

### टिको फुकाउने बिधि

- पैडी ज्योतिषले दिएको समयमा गुन्द्री बिछ्याई दिने। त्यसले दिन छोप्छ। टिका फुकाउने बेला कर्ताहरू कर्ता कुन दिशा मुख गरेर बस्ने त्यो (पैडी) ज्योतिषले बताउँछ। त्यस अनुसार कर्ता परिवार बस्ने। आस्यौंले (ङेडो-पाडो) गरी टिका फुकाउँछ। त्यस समयमा लामा गुरूले कर्तालाई परिवारलाई आर्शिवाद दिन्छ। कर्ताले आस्यौंलाई सोधी कति खर्च भएको छ क्रमू क्रेगीमा भनि कर्ताले हिसाब लिई राखेको हुन्छ।
- आस्यौंले कर्तालाई गाउँ ठाउँको चलन चल्ती अनुसार टिका फुकाई शुद्ध गर्ने काम गर्दछन्। अन्तमा, आस्योलाई टिका फुकाए वापत सम्मानसहित क्रमू क्रेगि गरी उम्काउने चलन रहेको छ।
- लामा गुरूहरूलाई आफ्नो इच्छा अनुसुर दान दक्षिणा दिइन्छ।
- दानलाई सन्तोषजनक स्वीकार गरी त्यसलाई त्रिरत्नलाई अपर्ण गर्नुपर्छ।
- छोरी जुँवाइलाई सम्मानसाथ क्रमू क्रेगी गरी उम्काइन्छ।
- सोग्यालाई पनि परम्परा अनुसार क्रमू क्रेगी गरी उम्काइन्छ।
- त्हक्रलाई पनि ससम्मानको लागि क्रेगि गरी उम्काइन्छ।
- अन्त्यमा (पए) सिदिको भोली पल्ट (प्रेएट्ह) गर्ने चलन छ। जुन कुरा मैले पहिले पनि लेखेको छु। आएको इष्टमित्र दाजुभाई समाजलाई मासु भात खुलाई बिदा गर्ने चलन छ।
- पएमा धेरै खर्च हुने भएकाले ह्योंखुसी) गर्ने चलन छ। ह्योंखुसीको अर्थ धन पैसाको सह


२०६४ बैसाख ३१ गते सोमबार लामा गुरु रत्ना छेवाङ् द्वारा रिन्छेन तेरज्योत्को थोमिक (प्रमाण पत्र) प्राप्त गरेको लामा दोरजे जिग्मेद लिङपा (क्या. नैना सिङ गुरुङ्ग)

बटुल्ने हो। पए फालेको ३ दिनमा ह्योंखुसी गर्छ भने, दिन हेर्नु पर्दैन। धैरै पछि गर्ने हो भने दिन हेर्नु पर्छ। ह्यों-खुसी गरेपछि ३ दिनसम्म घर बार्नु पर्छ।

## सारंशमा पए

गुरूङ जातिको पएको सारंशको बारेमा भन्नु पर्दा, शताब्दीऔं पहिला कुनै गाँउमा एउटा घरमा बुढो बुढि रहेछन्। बुढो अलिअलि बिमार रहेछ। उपचार गर्दागर्दै बुढोको मुत्यु भएछ। मृत्यु भए पछि परम्परा अनुसार घाटमा अन्तेष्टि गरेपछि ३ दिनको सिमिकैं दिए। मृतकको पए गर्ने बारेमा घरपरिवार सबै भेलाभई छलफल भयो। बुढि बजैले के भन्नु भयो भने, पैन म पनि अब ८० कटिसक्यो। अब कतिनै बाचौंला र? म मरे पछि बाजे र मेरो सङ्गै पए गरी दिनु। यसरी उनले आफ्नो कुरा राखेपछि। त्यो पैन भन्ने शब्द अपभ्रशं हुदै पए भन्ने शब्द भएको हो भन्ने भनाइ रहेको छ।

गाउँ छिमेकमा सबै जातजातिको बसोबास हुन्छ। पल्लो गाउँ, उपल्लो गाउँ, त्यसैगरी गाउँबेशीको हुन्छ। पल्लो गाउँको एउटा घरमा बुढो बाजे रहेछ। उनी लगभग ८७ वर्ष उमेरको रहेछ। उनी भदौको १० गते शुक्रबार बित्नु भएको रहेछ। उनको पार्थिक शरिर घाटमा अन्तेष्टि गरे पछि फेरी गुरूङ जातिको परम्परा अनुसार ३ दिने सिँमीकैंइ दियो। त्यसपछि बाजेको पएको लागि घर परिवार र दाजुभाइ भेलाभई सल्लाह गर्दा, बाजेको कान्छा छोरा मुग्लानमा भएकोले आगुम् कान्छो छोरा आउँछ तब बाजेको पए गर्ने भन्ने सल्लाह भएकोले आगुम भन्ने शब्द बिस्तारै अपभ्रंश हुदै आर्घौं भएको हो, भन्ने कुरा बुढो पाकाहरूले भनेको सुनेको श्रृति परम्परा रहेको छ।

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि तथा दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना! भगवान बुद्धको उपदेशले सबैको कल्याण गरून्।

*(कास्की, मादी गाउँ पालिका तप्राङ ६, हाल पोखरा नगर पालिका फुलबारी ११, जनपथ टोल निवासी बरिष्ट लामा नैनासिँ गुरूङ (दोर्जे लोपन) दोर्जे जिग्मेद लिङ्पा लेखक, ज्योतिष, समाज सेवी एव भारतीय सेनाको अवकास प्राप्त सुबेदार मेजर अनरेरी कप्तान हुन्।)*

फोनः ०९७७-९८२९१५०४४५
contactbdl2567@gmail.com
https://buddhismlibrary.org

Honorary Consul of Nepal
Massachusetts, USA

प्रल्हाद के.सी. मानार्थमहावाणिज्यदूत म्यासाचुसेट्स, अमेरिका
PRALHAD KC HONORARY CONSUL OF MASSACHUSETTS,

## Best Wishes on the Auspicious Occasion of the 2570th Buddha Jayanti.



It is with great honor and deep reverence that I extend my heartfelt शुभकामना (best wishes) on the auspicious occasion of the 2570th Buddha Jayanti.

Gautama Buddha, born in Lumbini, Nepal, enlightened the world with timeless teachings of peace, compassion, non-violence, and wisdom. His message continues to guide humanity toward harmony, mutual respect, and the pursuit of truth.

On this sacred occasion, may we all reflect upon and embody the noble teachings of the Buddha in our daily lives, fostering understanding and goodwill across communities and nations. In today's complex world, his message remains more relevant than ever in promoting global peace and unity.

I commend the efforts of the Buddhist Digital Library in preserving and promoting these invaluable teachings through the publication of this digital souvenir. Such initiatives play an important role in educating present and future generations.

May this Buddha Jayanti bring peace, happiness, and prosperity to all.

With warm regards,

Pralhad KC
Honorary Consul of Nepal, Massachusetts.
Email: Pralhadkc@nepalconsulatema.org
Email: pbkc1960@gmail.com
22 Columbus Avenue, Massachusetts, 02140
Tel: +1 781 698 7950 | Email: pbkc1960@gmail.com, www.nepalconsulate.org

## Best Wishes of
## 2570th Buddha Jayanti



On the sacred and joyous occasion of the 2570th Buddha Jayanti, I extend my heartfelt congratulations and best wishes for the first publication of Buddhism Digital Library Inc. This milestone is not only a celebration of knowledge and dedication, but also a noble contribution toward promoting peace, harmony, and spiritual awakening. This initiative has the potential to inspire countless individuals to cultivate compassion, wisdom, and inner tranquility. May this publication flourish and spread the message of peace to benefit present and future generations, nurturing a more compassionate and harmonious global community.

On the auspicious occasion of the 2570th Buddha Jayanti, my heartfelt best wishes for wellness, happiness, peace, progress, prosperity, and long live to all Nepali brothers and sisters living at home and abroad.

Best regards,
**Sukh Gurung, D. Engr., P.E., MASCE**
Director, Infrastructure - Coastal Resiliency.
Department of Design and Construction, New York City.

# बुद्ध जन्मस्थल लुम्बिनीलाई चिनाउने प्रमाणहरू



● डा. नीर बहादुर गुरूङ

## पृष्ठभूमि

नेपाललाई विभिन्न बुद्धहरूको जन्मभूमिको रूपमा चिनिन्छ। वर्तमान कपिलवस्तुको गोटीहवामा ऋकुछन्द बुद्ध, त्यस्तै निग्लिहवामा कनकमुनि बुद्ध जन्म भएको पाइन्छ। लुम्बिनी शाक्यमुनि बुद्धको जन्मस्थल भएको विषय पनि स्थापित छ। त्यसैले पनि लुम्बिनी एक महत्वपूर्ण बौद्ध तीर्थस्थल हो। यसलाई अन्तराष्ट्रिय जगतले नै स्वीकार गरेको छ। यो एउटा महत्वपूर्ण बौद्ध आध्यात्मिक स्थल पनि हो। यसर्थ विश्व बौद्ध जगतका लागि प्रमुख स्थल मध्ये एक हो। लुम्बिनीलाई शाक्यमुनि बुद्धको जन्मस्थलको रूपमा प्रमाणित गर्ने विभिन्न साहित्यिक, अभिलेखीय, पुरातत्विक प्रमाणहरू पाइन्छन्। तीनै प्रमाणहरूले लुम्बिनीलाई नै शाक्यमुनि बुद्धको जन्मस्थल हो भनेर प्रमाणित गरेको छ। यस लेखमा त्यस्ता साहित्यिक तथा पुरातात्विक प्रमाणहरूलाई प्रस्तुत गरिएको छ।

## बौद्ध साहित्यिक प्रमाणहरू

लुम्बिनीलाई त्रिपिटक तथा बौद्ध साहित्यहरूमा व्याख्या गरिएका केही सन्दर्भहरूले शाक्यमुनि बुद्धको जन्मस्थल हो भनेर यकीन गरेको पाइन्छ। यस सन्दर्भमा पाली बौद्ध ग्रन्थ, टिकाहरू र संस्कृत बौद्ध ग्रन्थहरूमा पनि वर्णन गरेको पाइन्छ। ती विभिन्न बौद्ध ग्रन्थहरूमा उल्लेख गरिएका प्रसंङ्गहरू यहाँ प्रस्तुत गरिएको छः

### महापरिनिब्बान सुत्त

पाली त्रिपिटकको सुत्त पिटक अन्तर्गत दीर्घनिकायको १६ औं सुत्त महापरिनिब्बान सुत्त हो। यस सुत्तमा बुद्धले आफ्नो जीवनसँग सम्बन्धित महत्वपूर्ण चारवटा तीर्थस्थलको उल्लेख गर्दै लुम्बिनीको सन्दर्भमा तथागतस्स जातित्थानम् भनेर उल्लेख गरेका छन्। जसको अर्थ लुम्बिनीमा तथागतको जन्म भएको हो। बुद्धले नै तथागतको जन्मस्थान लुम्बिनी, बुद्धत्व प्राप्त गरेको स्थान बोधगया, पहिलो पटक धर्मचक्रप्रवर्तन गरेको स्थान सारनाथ र महापरिनिर्वाण हुने स्थान कुशीनगर भनेका छन्। यी चार स्थानको श्रद्धालुहरूले जीवनमा एक पटक दर्शन गर्नुपर्छ भनेर उल्लेख गरेको पाइन्छ। यो लुम्बिनीलाई बुद्ध जन्मस्थल भनेर चिनाउने एउटा भरपर्दो साहित्यिक प्रमाण हो।

### निदानकथा (जातक अ√कथा)

निदानकथा त्रिपिटकको मुख्य सुत्त नभए तापनि खुद्दक निकायभित्र रहेको जातक कथाको महत्वपूर्ण टिका हो। यस कथाभित्र बुद्धको जन्मकथाको विषयमा विस्तृत वर्णन गरिएको छ। यसभित्र सिद्धार्थ गौतमकी आमा मायादेवी कपिलवस्तुबाट देवदहतर्फ जाँदै गर्दा बाटोमा



लुम्बिनी वन पुगेपछि सालवृक्षको हाँगा समातेर सिद्धार्थ गौतमको जन्म भयो। यस वाक्यमा उल्लेखित जन्म सम्बन्धि घटनले लुम्बिनीको अवस्थिति तथा बुद्ध जन्मेको विषयलाई स्पष्ट पारेको छ।

यस ग्रन्थमा “लुम्बिनी वनम् पाभिसि .... तत्था साल रूख्खमुले बोधिसत्व जातो” भनेर उल्लेख गरेको पाइन्छ। यस वाक्यांशले मायादेवि लुम्बिनी वनमा प्रवेश गरिन् र साल वृक्षको मुनि बोधिसत्वको जन्म भयो भन्ने अर्थ लाग्छ।

**बुद्धवंस (खुद्दक निकाय)**

त्रिपिटकको सुत्त पिटक अन्तर्गत खुद्दक निकायभित्रको बुद्धवंश भन्ने ग्रन्थमा सम्पूर्ण बुद्धहरूको वंशावलीको विषयमा वर्णन गरिएको पाइन्छ। यहाँ शाक्यमुनि बुद्धको जन्मस्थलको विस्तृत कथा त पाइदैन तर, बोधिसत्वको अन्तिम जन्म र मानव लोकमा अवतरण गरेको विषय उल्लेख गरिएको पाइन्छ। यस ग्रन्थमा बुद्धको जन्मस्थलको बारेमा निश्चित स्थान नतोकिए तापनि मानव लोकमा बोधिसत्वको रूपमा अन्तिम जन्म भएको उल्लेख गरिएको पाइन्छ।

**महावस्तु**

यो ग्रन्थ लोकोत्तरवाद सम्प्रदाय अन्तर्गत विनय परम्पराको संस्कृत बौद्ध ग्रन्थ हो। यस ग्रन्थमा लुम्बिनीको अवस्थितिलाई स्पष्ट रूपमा व्याख्या गरिएको पाइन्छ। यहाँ उल्लेखित वर्णन अनुसार लुम्बिनीलाई शाक्य र कोलियहरूको साझा उद्यान रहेको, यो ठाउँ साल वृक्षहरूको सुन्दर वन भएको र लुम्बिनी कपिलवस्तु र देवदहको बीचमा अवस्थित रहेको देखिन्छ।

## ललितविस्तर

ललितविस्तर महायानी संस्कृत बौद्ध ग्रन्थ हो। यसले बुद्धको जीवनकथालाई विस्तृत रूपमा वर्णन गरेको पाइन्छ। यसभित्र बुद्ध जन्मेको समयमा देखिएका अलौकिक प्राकृतिक दृश्यहरूको वर्णन गरिएको छ। यस ग्रन्थमा उल्लेखित वर्णनले लुम्बिनीलाई कपिलवस्तुको नजिकको सुन्दर सालको उद्यान, दुवै गणराज्यको राजकीय विश्रामस्थल, शाक्य र कोलीय राज्यको सीमामा अवस्थित रहेको उल्लेख गरेको पाइन्छ।

## ऐतिहासिक यात्रीहरूको विवरण

लुम्बिनी शाक्यमुनि बुद्धको जन्मस्थलको रूपमा भ्रमण आउने परम्परा प्राचीन कालदेखि नै चलिआएको पाइन्छ। त्यस्ता यात्रीहरूमा कोही बुद्धधर्मको प्रचार प्रसार गर्ने उद्देश्यले, कोही बौद्धधर्म तथा बौद्धस्थलहरूको अध्ययन गर्नका लागि, कोही तीर्थयात्राको उद्देश्यले आएको पाइन्छ। तर जुन उद्देश्यले आएको भए तापनि लुम्बिनीको पहिचान गर्न उनीहरूले फरक फरक ढंगले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। यस क्रममा इशापूर्व दोस्रो शताब्दी देखि इशाको आठौं शताब्दीभित्रका यात्रीहरूले अभिलेख, विवरण, वर्णणमार्फत विभिन्न प्रमाणहरू छोडेका छन्, जुन बौद्ध ऐतिहासिक अध्ययनको लागि महत्वपूर्ण मानिन्छ। जसमध्ये प्रमुख यात्रीहरूले उल्लेख गरेका अभिलेख तथा विवरण यहाँ प्रस्तुत गरिएको छ।

## अशोक स्तम्भको अभिलेख

लुम्बिनी आउने यात्रीहरूमा मगधका सम्राट अशोकको यात्रालाई ऐतिहासिक महत्वको रूपमा लिन सकिन्छ। त्यसअघि कुनै यात्रीहरूको विषयमा उल्लेख भएको पाइदैन। उनी तत्कालिन समयका नरसंहारपूर्ण कलिंग युद्धपछि पश्चाताप गर्दै बौद्ध धर्मको अनुयायीमा परिणत भएका थिए। उक्त घटना पछि उनले शाक्यमुनि बुद्धको पदचापलाई पछ्याउँदै प्रमुख बौद्धस्थलहरूको धर्मयात्रा गर्ने क्रममा ईसापूर्व २४९ मा लुम्बिनी आइपुगेका थिए। आफ्नो राज्यरभिषेकको बिसौं वर्षको अवसरमा उनी लुम्बिनी आइपुगेको कुरा अशोक स्तम्भको शिलालेखबाट थाहा पाउन सकिन्छ। उनले शाक्यमुनि बुद्धको जीवनमा घटेका जन्म, बुद्धत्व प्राप्ति, धर्मचक्र प्रवर्तन र महापरिनिर्वाण जस्ता प्रमुख घटनाहरूसँग सम्बन्धित प्रमुख स्थलहरूमा धर्मयात्रा गरेका थिए। उनले यात्राको क्रममा जहाँ जहाँ पुगेका थिए, ती स्थानहरूमा स्तम्भ स्थापना गरे। अशोक- स्तम्भको अभिलेख लुम्बिनीलाई बुद्ध जन्मस्थलको रूपमा चिनाउने महत्वपूर्ण प्रमाण हो।

लुम्बिनीलाई बुद्ध जन्मस्थलको रूपमा बौद्ध साहित्यहरूले प्रस्तुत गरेका प्रमाणहरूलाई अशोक स्तम्भ र यहाँ उल्लेख गरिएको अभिलेखले थप पुष्टि गरेको छ। यस स्तम्भमा ब्राह्मी लिपि प्रयोग गरी पाली भाषामा एउटा अभिलेख कुँदिएको पाइन्छ। जसमा "हिद बुदे जाते शाक्यमुनिति" भन्ने वाक्यांश उल्लेख गरिएको छ। जसको अर्थ हुन्छ, यहाँ शाक्यमुनि बुद्ध जान्मिएका थिए। यस वाक्यांशले पनि शाक्यमुनि बुद्धको जन्मको सन्दर्भमा विभिन्न बौद्ध ग्रन्थहरूमा उल्लेखित व्याख्याहरूलाई थप पुष्टि गर्नुका साथै एउटा भरपर्दो भौतिक तथा अभिलिखित प्रमाणको काम गरेको छ।

## फाहियानको यात्रा विवरण

चिनीयाँ यात्री फाहियानले ई.सं. ३९९ देखि ४१४ सम्म तीर्थयात्रा गरेका थिए। उनले आफ्नो तीर्थयात्राको विवरण तयार गरेका थिए। उनको यात्रा विवरणलाई चिनियाँ भाषाको फोगुओ जी अर्थात बौद्ध राज्यहरूको अभिलेख भन्ने ग्रन्थमा समावेश गरिएको पाइन्छ। यस पुस्तकमा फाहियानले लुम्बिनीलाई कपिलवस्तु नजिकै अवस्थित बुद्ध जन्मस्थल, मायादेविले स्नान गरेको पुष्करीणि पोखरी र अशोक स्तम्भको वर्णन गरेको पाइन्छ। यसर्थ पाचौं शताब्दीमै लुम्बिनी बुद्ध जन्मस्थलको रूपमा चिनिएको प्रमाणित हुन्छ।

फाहियानले उल्लेख गरेअनुसार "कपिलबस्तुबाट करिब पचास ली (करिब २२ किलोमिटर) पूर्वतिर लुम्बिनी उद्यान छ। त्यहाँ एउटा पोखरी छ। त्यस पोखरीमा सिद्धार्थ गौतमलाई जन्म दिनुभन्दा पहिले मायादेवीले स्नान गरेका थिए। पोखरीको करिब बीस पाइला उत्तरपट्टि एउटा रूख छ। मायादेवीले उक्त साल रूखको हाँगा समातिन् र पूर्वतिर फर्केर सिद्धार्थलाई जन्म दिइन्। शिशु जन्मिने वित्तिकै सात पाइला हिँडे। "जब बुद्ध जन्मिए, दुइ नागराजहरूले चिसो र तातो पानी निकालेर उनलाई नुहाइदिए। मायादेविले पनि पोखरीमा स्नान गरिन। त्यहाँ एउटा इनार पनि थियो। ती पोखरी र इनारहरू भिक्षुहरूले प्रयोग गर्ने गरेको उल्लेख गरेका छन्। मायादेवीले नुहाएको पोखरीको पानी भिक्षुहरूले पनि प्रयोग गर्छन्।" यस वर्णन अनुसरा पाचौं शताब्दीमै लुम्बिनी बौद्ध तीर्थस्थलको रूपमा स्थापित थियो।



## ह्वेनसाङको यात्रा विवरण

लुम्बिनीको ऐतिहासिक यात्रीहरूको सन्दर्भमा चिनीयाँ तीर्थयात्री ह्वेनसाङको नाम शीर्षस्थान आउँछ। उनले ई.सं. ६२९-६४५ मा नेपाल र भारतमा रहेका बौद्धस्थलहरूको भ्रमण गरेका थिए। यही अवधिमा उनी लुम्बिनी आएका थिए। उनी ताङ वंशकालीन प्रसिद्ध बौद्ध विद्वान थिए। उनले भारत र नेपालका धेरै बौद्ध स्थलहरू भ्रमण गरे। उनको यात्रा विवरणलाई चिनियाँ ग्रन्थ दा ताङ सियु जी नामले संग्रहित गरिएको पाइन्छ। ह्वेनसाङले आफ्नो विवरणमा लुम्बिनीको अवस्थितिको विषयमा उल्लेख गरेका छन्। उनले अशोक स्तम्भ, सारवृक्ष, स्मारक स्थलको विषयमा वर्णन गरेका छन्। साथै यहाँका सामाजिक सांस्कृतिक अवस्थाको पनि वर्णन गरेका छन्। चिनियाँ यात्रीहरूको यात्रा

विवरणहरूबाट लुम्बिनीको पहिचान गर्न थप प्रमाणित भएको छ।

### लुम्बिनीमा रिपु मल्लको तीर्थयात्रा

खस राज्यका राजा रिपु मल्लले सन् १३१२ मा लुम्बिनीको तीर्थयात्रा गरेका थिए। उनले लुम्बिनीमा रहेको अशोक स्तम्भको माथिल्लो भागमा कुँदेको एउटा शिलालेख अहिले पनि देख्न सकिन्छ। उक्त शिलालेख सम्भोट लिपि प्रयोग गरी भोट भाषामा "ॐ मणि पद्मे हुँ" भनेर माने मन्त्र (षडाक्षरी मन्त्र) उल्लेख गरेको छ। साथै त्यसैसँग शिलालेखमा "श्री रिपु मल्ल चिरं जयतु" अथवा रिपु मल्ललाई दीर्घकालसम्म विजयी रहुन् भन्ने वाक्य उल्लेख गरेको छ।

रिपु मल्लको यस अभिलेखले खस राजाहरूले लुम्बिनीलाई बुद्ध जन्मस्थलको रूपमा तीर्थयात्रा गरेको, लुम्बिनी बुद्धको जन्मथल भएको मान्यता मध्यकालिन बौद्ध इतिहासमा पनि निरन्तर तथा जीवित रहेको बलियो प्रमाण दिन्छ। रिपु मल्लको तीर्थयात्राले लुम्बिनीको ऐतिहासिक महत्वलाई प्रमाणित गर्ने थप पुरातात्विक प्रमाण प्रदान गरेको पाइन्छ।

### पुरातात्विक प्रमाणहरू

लुम्बिनीको पुरातात्विक तथा ऐतिहासिक सम्पदा क्षेत्रभित्र अहिले पनि मायादेवि मन्दिर, अशोक

स्तम्भ, पुष्करीणि पोखरी, इसापूर्व तेस्रो शताब्दीदेखि इशाको सातौं शताब्दीका भग्नावशेषहरू देख्न सकिन्छ। मायादेवि मन्दिरभित्र ठीक केन्द्रमा जन्मस्मारक शिला, जन्मदृश्य मूर्ति, प्राचीन मन्दिर, इनार जस्ता भग्नावशेष देख्न सकिन्छ। जुन बुद्ध जन्मस्थल लुम्बिनी हो भनेर चिनाउने प्रमाण हो।

### निष्कर्ष

लुम्बिनीको पहिचान गर्नका लागि विभिन्न प्रमाणहरू पाइएका छन्। जहाँ लुम्बिनीलाई शाक्यमुनि बुद्धको जन्मस्थलको रूपमा वर्णन गरिएको छ। कतिपय ग्रन्थहरूमा जन्मको प्रसंग नजोडिकन केवल लुम्बिनीको अवस्थिति, लुम्बिनी आसपासका सामाजिक, धार्मिक अवस्थाका विषयलाई मात्र जोडेको छ।

यहाँ उपलब्ध तथ्यांक तथा स्रोतबाट लुम्बिनीलाई बौद्ध ग्रन्थ, बौद्ध तीर्थयात्रीहरूको भनाइ, चिनियाँ तीर्थयात्रीहरूको विवरण, विभिन्न समयमा भएको पुरातात्विक उत्खननहरूबाट प्राप्त अवशेषहरूले लुम्बिनीलाई शाक्यमुनि बुद्धको जन्मस्थलको रूपमा चिनाएको छ।

*(डा. नीर बहादुर गुरूङ; लुम्बिनी बौद्ध विश्वविद्यालयको सह-प्राध्यापक हुन्।)*

### सन्दर्भ ग्रन्थसूचि


1. Coningham, R.A.E. et al. (2013). Antiquity Journal.

   Falk, Harry (2006). Ashokan Sites and Artefacts: A Sourcebook.

2. Faxian. A Record of the Buddhist Kingdoms (Foguo Ji). translated by James Legge. Oxford: Clarendon Press, 1886.

3. Xuanzang. The Great Tang Records on the Western Regions, translated by Samuel Beal, London: Trübner & Co., 1884.

4. Debala Mitra (1972), Buddhist Monuments, Calcutta: Sahitya Samsad.

   UNESCO World Heritage Centre, Lumbini the Birthplace of the Lord Buddha. UNESCO Publication.



# पुरातन गुरूङ लामाद्वारा गरिने मृत्यु संस्कार (पय) विधि र रूपान्तरण

● पुष्प बहादुर गुरूङ
पिएचडी स्कलर २०२३, लुम्बिनी बौद्ध विश्वविद्यालय

**लेखसार**

गुरूङ जातिको धार्मिक तथा सांस्कृतिक मान्यता अनुरूप विकास भएको गुरूङ संस्कारको महत्वपूर्ण पक्ष भनेको मृत्यु संस्कार हो। पुरातन गुरूङ लामाद्धारा गरिने मृत्यु संस्कारमा प्रकृतिवाद वोन संस्कार र बौद्ध संस्कार मिश्रित रूपमा पाईन्छ। यी पुरातन लामाहरूले गर्ने वोनका तन्त्र साधना र बौद्ध उत्तरनिधि (झ्याङ्तेर) विधि जस्ता पुराना कर्मकाण्ड विधि र अन्तत सुखावतिमा पुऱ्याउने हालको लामाको कर्मकाण्ड होद्छ्योग विधिमा रूपान्तरणको बारेमा यहाँ उल्लेख गर्न खोजिएको हो। मनाङको नार र फु तथा मुस्ताङको थाकखोलाका लामाहरूलाई आफ्नो चावैलामा मान्ने गुरूङका यी पुरातन लामाहरू हाल धेरै न्यून मात्रमा रहेको देखिन्छ। उनीहरूले गर्ने कर्मकाण्ड पनि हाल लोपोन्मुख अवस्थामा रहेको देखिन्छ। यसै सन्दर्भमा लमजुङको पुरातन लामाहरूले गर्ने मृत्यु संस्कार र हाल शहर केन्द्रित गुरूङहरूलाई मध्यनजर गर्दै गोन्पा शिक्षाबाट दिक्षित लामाहरूले गर्ने छोटो विधिको झ्याङ्पर पय अर्घुको बारेमा यहाँ उल्लेख गरिएको छ। पुरातन लामाहरूले गर्ने कर्मकाण्डमा डाँडाकाँडा सिल्दोनाल्दो फलाक्ने र कतिपय प्रकृतिवाद र बोन परम्पराको प्रत्यक्ष प्रभाव स्वरूप काटमार (क्हो क्यु दिने) अभ्यास गरेको देखिन्छ। यिनीहरूले बौद्ध तन्त्र र साधनाबाट आफनो हिदम अनुरूप गुरूङ भाषा र शैलीमा अन्तिम चरणमा ङहोबर ख्वोंब गर्नुको दार्शनिक पक्ष मृतकको चित्त विज्ञानलाई सुखावतिमा पुऱ्याउने अन्तिम कर्मकाण्ड झयाङपर पोल्ने विधिलाई गुरूङकरणमा भनिएको हो। यस अध्ययनमा गुरूङ संस्कार र संस्कृति अनुरूप प्रकृतिपूजक र बोन संस्कारको समिश्रणमा पुरातन गुरूङ लामाले गर्ने मृत्यु संस्कारहरूमध्ये गुरूङ जातिको मौलिक सांस्कारिक पक्षहरू र बौद्ध धर्मका विषयहरूबारेको अध्ययन गर्नुका साथै गुरूङ संस्कार र संस्कृति अनुरूपको बौद्ध धर्म अभ्यास गर्ने गुरूङ पुरातन लामाहरूको लोपोन्मुख अवस्था र बर्तमानमा रूपान्तरित नयाँ बिधिबारे अध्ययन तथा अनुसन्धान गर्नु यस लेखको मूलसार रहेको छ।

**शब्द कुन्जिकाः** पुरातनविधि, चावैलामा, उत्तरनिधि, हिदम, ङ्होबर, होदछ्योगविधि, झ्याङ्पर, सुखावति

## पृष्ठभूमि

गुरूङ जाति गण्डकी प्रदेशको अन्नपूर्ण हिमश्रृखला वरिपरि शदिऔं देखि बसोबास गरि आईरहेको प्रमुख मुलबासी मानिन्छ। यस जातिलाई गुरूङ भाषामा तमू भनिन्छ। यस जातिको आफनै मौलिक भाषा भेषभूषा संस्कार, संस्कृति र पहिचान रहिआएको पाइन्छ। यस जातिले बोल्ने तमू भाषा भोटबर्मेली भाषा परिवार अन्तर्गत पर्ने हुनाले तमू भाषा भोटभाषासँग धेरै नजिक रहेको देखिन्छ। गुरूङ जातिको धार्मिक पहिचान भन्नु पर्दा प्रारम्भमा प्रकृति पुजक तथा बोन र भोट बौद्ध धर्मालम्वी रहेको देखिन्छ। गुरूङ जातिले लामाद्धारा जीवित तथा मृत्यु संस्कार गर्नुका साथै लामाका बौद्ध पात्रोअनुरूपको विभिन्न तिथिहरूमा बौद्ध साँस्कृतिक चाडपर्व तथा विविध बौद्ध अनुष्ठान गर्ने गरेको देखिन्छ। गुरूङ जातिको संस्कार तथा संस्कृतिको विषयमा अध्ययन गर्दा सांस्कृतिक पक्षमा पछिल्लो समयमा सामाजिक अन्तरघुलनको कारणले अन्य संस्कृतिहरू समेत अपनाउने क्रम बढेको देखिन्छ भने संस्कारिक पक्ष भने यथावत तथा समयनुसार परिर्वतन सगैको विकासको क्रममा रहेको देखिन्छ। तसर्थ यस्ता संस्कारिक पक्षहरू मध्ये मृत्यु संस्कार चाहि नयाँ परिवर्तन सगै अविछिन्न अवषेशको रूपमा यथावत रहिआएको देखिन्छ। यस अध्ययनको मुल विषय गुरूङ जातिका यस्ता संस्कार तथा कर्मकाण्ड गर्दै आई रहेका पुरातन गुरूङ लामाहरूको अध्ययन र त्यसको वर्तमानमा रूपान्तरण विधि रहेकोले लामाद्वारा गरिने कर्मकाण्डहरूको यहाँ विशेष चर्चा गर्न खोजिएको छ।

सामान्यतया गुरूङ जातिको संस्कार कर्मलाई २ भागमा विभाजन गरी हेर्न सकिन्छ। पहिलो जीवन संस्कार कर्म र दोश्रो मृत्यु संस्कार कर्म हुन। जीवन संस्कार कर्ममा मानिस जन्मे पछि मृत्यु पूर्वसम्म गरिने विविध कर्मकाण्डलाई जनाउँछ भने मृत्यु संस्कारमा मृत्यु पश्चात् मृतकको नाममा गरिने कर्मकाण्डलाई जनाउँछ। यस्ता दुई प्रकारका संस्कार कर्म अनुरूप गुरूङ लामाको शास्त्र (पे) मा कर्मकाण्ड विधि उल्लेख रहेको पाईन्छ। जीवन संस्कार कर्ममा न्वारन, टप्चे, गुन्यु चोली, विवाहकर्म, धन ऐश्वर्यको पूजा देखि आयु पुजा आदि पर्दछन् भने मृत्यु संस्कार कर्मलाई पुनः २ भागमा विभाजन गरी हेर्न सकिन्छ। पहिलो दाहसंस्कार कर्म हुन् भने अर्को मृतकको नाममा पछि गरिने पितृ कार्य हुन् जसलाई पय वा अर्घु भनिन्छ। यस्ता अर्घु अर्थात् पय सामान्यतया ह्रिपय, ह्रोंपय, सिपय र च्ह्युपय गरि जम्मा ४ प्रकारका हुन्छन्। र यस्ता मृत्यु संस्कार कर्महरू लामाले गर्ने विधिमा समयावधिको आधारमा लामोमा ३ राते अर्घु र छोटोमा १ राते अर्घु गरी सम्पन्न गरिन्छ। ३ राते अर्घु गाँउघरतिर पुराना पिँढीहरूले पच्यु समेत मिसाएर कास्की स्याङजा पर्वततिर गरिरहेको पाईन्छ भने लमजुङ गोर्खातिर लामाहरूले मात्र गरिरहेको देखिन्छ। हिजोआज १ दिने वा १ राते अर्घु वा दुन्ठक झ्याङ्पर विधिबाट छोटकारीमा गरिने अर्घुको चलन बढेको पाईन्छ। यस प्रकारको १ राते अर्घु वा दुन्ठक झ्याङ्पर विधिबाट गरिने अर्घु हाल गाउँ छाडेर शहर बजारमा बसोबास गर्दै आईरहेका गुरूङहरूले नजिकको गुम्बामा गई गरिने चलन रहेको पाईन्छ। यस किसिमको गुरूङ संस्काररहित विधिबाट अर्घु गर्दा समय र खर्च बचत हुनुका साथै परम्परागत विधिमा गरिने अर्घुमा चाहिने

सामाग्रीहरू समेत जुटाई रहनु नपर्ने हुनाले यो विधि हाल बढी प्रचलनमा रहेको पाईन्छ।

**क) अध्ययनको समस्या**

गुरूङ जातिले परम्परागत रूपमा मान्दै आइरहेको बौद्ध संस्कार तथा संस्कृतिको अध्ययनको सिलसिलामा विशेष गरि मृत्यु संस्कारलाई मुल आधारमा केन्द्रित रहेर गरिएको यस अध्ययनको मुल समस्याहरू तल बुँदागत रूपमा उल्लेख गरिएको छ।

१) गुरूङ जातिको परम्परागत लामाहरूद्धारा गरिने मृत्यु संस्कार कर्मकाण्ड विधिहरू के के हुन् ?

२) वर्तमानमा किन यो विधि लोपोन्मुख अवस्थामा छन् ?

३) वर्तमानमा नयाँ विधि अनुसार कसरी गरि आइरहेका छन् ?

**ख) अध्ययनको उद्देश्य**

प्रस्तुत विषयको मुल उद्देश्यहरूमा गुरूङ जातिका परम्परागत लामाहरूले गरी आइरहेको कर्मकाण्ड विधिमा मृत्यु संस्कार विधिबारे अध्ययन गर्नुका साथै यो विधि अभ्यास परम्पराको वर्तमान अवस्था र नयाँ रूपान्तरित विधिबारेमा अध्ययन गर्नु रहेको छ।

**ग) अध्ययन विधि**

यस अध्ययनको विधिमा विश्लेषणात्मक ब्याख्या विधिको अनुशरण गरिएको छ। प्रस्तुत विषय स्थलगत प्रत्यक्ष अभ्यास केन्द्रित रहेकोले वर्तमानमा केहि प्रचलनमा रहेका स्थलहरूमा





लमजुङको एक गाँउबाट प्रत्यक्ष स्थलगत अध्ययन र यस्ता विधिमा प्रयोग हुने ग्रन्थ तथा सो अनुरूप गरिने कर्मकाण्ड विधिको प्रत्यक्ष सहभागितालाई अध्ययनको प्राथमिक श्रोतको रूपमा लिईएको छ भने द्धितिय श्रोतको रूपमा यस सम्बन्धि लेखिएका विभिन्न पुस्तकहरूलाई लिइएको छ।

**घ) अध्ययनको सिमा**

प्रस्तुत विषयको अध्ययन विशुद्ध गुरूङ जातिको परम्परागत लामा विधीबाट गरिने कर्मकाण्डलाई मात्र समेटिएको छ। यसको अलवा गुरूङ जातिको अन्य पुरोहितहरूबाट समेत यस्ता कर्मकाण्ड गरिने विषयलाई यहाँ समेटिएको छैन। र बर्तमानमा रूपान्तरित लामाका विधिमा छोटो रूपमा गरि आई रहेको केहि निश्चित विधीहरू मध्ये होद्छयोग विधिलाई मात्र यहाँ समेटिएको छ।

## पुरातन लामाद्वारा गरिने अर्घु विधि

तमू बौद्ध शास्त्र (पे) र तमू संस्कार (ल्हु) को आधारमा तमू कर्मकाण्ड विधि हिजो आजका तमू लामाहरूले नगरिरहेको अवस्थामा उक्त कर्मकाण्ड विधि वर्तमानमा कहाँ कहाँ अभ्यासमा छन् भन्ने अध्ययनको सिलसिलामा लमजुङका ट्हङी मृचे लामाहरू, कास्की सिक्लेस तिरका मेघबहादुर लामा, गोर्खातिरका कृष्ण लामाको समूहहरूमा यो पुरातन विधिबाट अर्घु गर्ने परम्परा यथावत् रहेको देखिन्छ। पछिल्लो क्रममा कास्कीको पश्चिमी भेग, स्याङजा पर्वत तिरका लामाहरू जो मुस्ताङको थाकखोला आफ्नो

मूल गुरूघर मान्नेहरूले यस्ता पुरातन विधि पनि कहिलेकाही गरेता पनि पुराना पुस्ता बाँकी नरहेको र नयाँ पुस्तामा धेरै रूपान्तरण आईसकेको हुनाले यो अभ्यास कमै मात्रमा देख्न पाईन्छ। यस अध्ययनको सिलसिलामा लमजुङको पुरातन लामाहरूको कर्मकाण्ड विधिलाई यहाँ प्रस्तुत गरिएको छ। यी लामाहरू निङ्मपा सम्प्रदायका हुन् ।१ निङ्मा सम्प्रदायमा पनि आ-आफ्नो गुरू परम्परा अनुसार विभिन्न देवतालाई ईष्टदेवता (हिदम) मानिन्छ ।२ यी लामाहरूले अति पुरानो उत्तरनिधि (झ्याङ्तेर)३ विधि द्वारा गरिने कर्मकाण्ड गर्दै आएको पाइन्छ। यिनीहरू त्होर्जे फुर्व हिदम मान्दछन् । गुरूङ भाषामा मिलारेपालाई म्हिलरजा पैदिक्ह्याल्दे भनिन्छ उनको तपस्यास्थल नार गाँउ मानिन्छ४ तसर्थ नारमा गुरू दिक्षा लिन जानु पर्छ भन्ने भनाई पाइने हुनाले यिनीहरूले पुर्ख्यौली गुरूका रूपमा मनाङको नार गाउँका ट्हपा लामा, छरी लामा, न्हीन्चे लामा र लाटा लामाहरूलाई आफ्ना चवै लामा मान्दछन् ।

१) **पहिलो चरण: अर्घुको विधिवत् थालनीको तयारी**

**क) अर्घुको लागि व्यवस्थापन (च्होंस पा थुँब):** पैंडीले अर्घु गर्ने दिन हेरेपछि अर्घु थाल्नु भन्दा तीन दिन अगाडि भाइ खलक लगायत गाँउले ईष्टमित्र जम्मा भई अर्घु सम्बन्धी गर्नुपर्ने कार्यहरू जस्तै लामा बोलाउने, आस्योंं, चेलिबेटी, ज्वाइँ खाद्यान्न, लत्ताकपडा आदि खटनपटन कार्यहरूको लागि सरसल्लाह गरिन्छ। यसलाई च्हौंस पा थुँबा भनिन्छ। यसमा सगुन स्वरूप जाँड खाने गरिन्छ र उक्त जाँड पछिसम्म पूजाको लागि राखिन्छ।

**ख) शुभ अशुभ हेर्ने (म फु तिब):** अर्घुको पहिलो दिनमा पहिलो चरणमा लामा खेगीले मो फु तिब गर्दछ। यसलाई निगालोको आँख्ला फुटाउने भनिन्छ। यो शुभ अशुभको जोखाना हेर्ने विधि हो। कर्ताले लामालाई प्रसाद ट्होंबा सि ल्याई दिने गर्दछ र लामा खेगीले रक्सीले चोख्याउने (फु लब) गर्दछ। उक्त कार्य गर्नको लागि नाङ्लोमाथि करिब एक फिट जति लामो केही आँख्ला भएको तीन वटा निगालोको डण्डी, गुरू रिम्पोछेको सानो मूर्ति, बत्ति (छ्यु मि), डालोमा एक पाथी धान, आफ्नो हिदम दोर्जे फुर्वाको सानो मूर्ति राखिन्छ। प्रारम्भमा साङ्सेर्क्याम धुपधयाँर गरी नागी छ्योए पाठ गरिन्छ र त्यसमा च्होंसी पाले फुलसि गरिन्छ र साङसेर्क्याम गरी ङिस्यु छ्योए

१ जगमान क्होंगि लामा गुरूङ "तमुवानको ऐतिहासिक वृतान्त" २०६७ ।

२. यस मतमा बज्रकिल (त्होर्जे फुर्ब), ह्यग्रीववज्र (तडिन त्होर्जे), यमान्तक (सिन्ज्येस्ये), षटमुनि (थुग्डुप), रत्नसमुच्चय (कोन्छ्योक चि दुई) आदि ईष्टदेवता (हिदम) हरू मुख्य छन। षटमुनि (थुग्डुब मतका अनुयायहरूले आर्यवलोकितेश्वर (फाग्प च्यनरेसि) लाई परमभगवान (नमपर ग्याल्व) को रूपमा मान्दछन् । रत्नसमुच्चय (कोन्छ्योक चि दुई) मतका अनुयायीहरूले बज्रगुरू पद्मसम्भवकै उग्ररूप पद्यढागमरलाई ईष्टदेवता (हिदम) मान्दछन। सिंहवक्त्रा (सेङदोङमा निङमा मतको शक्ति (खाँडोमा) र मानिङ गोन्पो चाहि धर्मपाल (छ्योएक्योङ) हुन ।

३. भोट भाषामा झयाङतेर को अर्थ उत्तरनिधि हो। यसमा १०८ छ्योकाहरू हुन्छन भोटमा विकास भएको विभिन्न प्राचीन तन्त्र साधना निधिको रूपमा अभ्यासमा रहेका जतिपनि विधिहरू छन त्यसलाई भनिन्छ। यो प्राय पुरानो निङ्मा परम्पराका लामाहरूले अभ्यास गर्ने गर्दछन् । झ्याङ्तेरमा झ्यामलसिन्जी, थुडुप, ढोवाकुन्डोल, दोर्जेफुर्वा आदि पर्दछन। तमु लामाहरूले गर्ने झयाङतेर विधिमा झयामलसिन्जी स्याङजा सिरूवारीतिरका लामाहरूले गर्दछन भने थुग्डुप डाँडाखर्क र कोल्माका लामाहरूले, ढोवाकुण्डोल घान्द्रुकका लामाहरूले, दोर्जेफुर्वा लमजुङका लामाहरूले प्राय गर्ने गर्दछन् ।

४. होमा थकाली (गुरूङ) "तमू गुरूङ जातिको उत्पत्ति र धर्म संस्कृति" ललितपुर २०६७ ।



पढेर अन्तमा लामाले घुँडा टेकी उक्त निगालोको डण्डीलाई आफ्नो पेटमा अड्याई आँसीले तानेर दुई फक्लेटो गर्दछ र भुइँमा फालिदिन्छ। तीन वटा निगालोको डण्डी चिर्दा पहिलो कर्ताको बारेमा, दोश्रो गाँउको बारेमा र तेश्रो मृतकको बारेमा शुभअशुभ हेर्ने गरिन्छ। यसरी दुई फक्लेटो भएको निगालोको डण्डी एउटा घोप्टो र अर्को उत्तानो परे शुभ मानिन्छ। दुई वटा नै उत्तानो परे ठिकठिकै दुई वटा नै घोप्टो परे अलि नखुलेको र छडके परे अति अशुभ मानिन्छ।

मो फु तिव अर्घुको पहिलोदिन शुभअशुभ जोखाना हेर्ने जग्गेमाथि भित्तामा झुण्डाईएको थाङकाचित्रहरू क्रमशः गुरू रिन्पोछे, टह्मपो र पाल्देन ल्हामो

२. **दोश्रो चरणः अर्घुको सुरूवात**

**क) कुल पूजाको लागि भेडा दिने (फैलु क्यु पिब)**ः लामाले मो फु तिब गरि सकेपछि तीन तह अग्लो जग्गे बनाउने र त्यसभन्दा माथि भित्तामा पाल्देन लामा, र्त्हेजे फुर्वा हिदम र साङ्ग्ये च्याम्देन्दे शाक्यमुनि बुद्धको थाङ्का झुण्डाउने गरिन्छ। तीन तहको मण्डल अर्थात् जग्गेमा तोर्माहरू बनाएर राखिन्छ। बेलुकी फैलु पूजा गरिन्छ। उक्त पूजामा चेलीबेटीले धूप अक्षता ल्याई बाल्ने जग्गेमा ट्र्होंवा सि प्रसाद सजाउने गर्दछ भने उक्त जग्गेमा लामाले किलखोर बनाउने गरिन्छ। किलखोरमा १०८ वटा शिठो रौद्र तथा शान्त मुद्राको देवताहरूको फोटो अंकित थाङ्का टाँस्ने गर्दछ। उक्त चारपाटे किलखोरभित्र नाङ्लोमा सेतो लुगा बिछ्याई पिठो राखी उक्त पिठो माथि काठलाई चाँङ पारेर राखिन्छ र हिदम सरक्येम, पाल्देन लामाका सरक्येम, कुङा सरक्येम पाठ गरी त्यहाँको सिमेभूमे नागनागिनीको पूजा (फुलसि) गरेपछि छोका छ्योए पढेर मात्र फैलु क्यु कुल पूजाको लागि भेडा छाडिन्छ। त्यतिन्जेल फैलु क्युको लागि परिवारजनले बिहानदेखि केही नखाई बसेको हुन्छ र बेलुकी (फैलु) कुल पूजा सकेर मात्र खान्छन्। यसमा भेडालाई फैलुको रूपमा छाडी भेडालाई पानीले धोई पखाली गरी मन्छाई भेडाको अगाडि थुप्रै खानेकुराहरू राख्छन्। यो बोन५ परम्पराका पच्यु क्हेब्रीको संस्कार लामाले सिकेको मान्न सकिन्छ। भेडाले उक्त खानामध्ये जुन खान्छ त्यही पितृले खाएको भन्ने गहिरो विश्वास रहेको छ। उक्त बेला आफन्तहरू पितृलाई खानाको आह्वान गरी बडो भावुक भई

---

५. बोन धर्म तिब्बतको पुरानो प्रकृतिवादी धर्म हो बोनको देवताहरूमध्ये समन्तभद्र (कुन दु झाङ पो) लाई भारतीय गुण विद्याअनुरूप ढालेर बौद्धधर्ममा झोक्छेन साधनामा रूपान्तरित गरेको पाइन्छ। त्यस्तै लुङ्ता धोर्ज्यो जस्ता पाँच रंगका झण्डा, तोरणहरू पनि बोन संस्कार र दर्शन अनुरूप नै बनेको मानिन्छ।

बसेका हुन्छन् र अन्ततः भेडाले जुठो हालेपछि बाहिर लगेर काटी भेडाको रगत, अन्द्रा, मुटु र कलेजोको टुक्रा झिकेर पाल्देन लामाको (तोर्मा) पिठो मुछेर बनाएको मूर्तिमा बेरेर राखिन्छ।[६] उक्त पाल्देन लामाको तोर्मा सँगै डालोमा धान राखी त्यसमा आफ्नो ईष्टदेवता (हिदम) बज्रकिला (दोंर्जे फुर्वा) ले हातमा लिने हतियारहरूलाई बाँधेर तोर्मा बेरेर राखिन्छ। मावाली (आस्या) र कर्ताले क्रमशः (पितृको नाम) दफ्तर वाचन गरिन्छ।

ख) **बायो फोर्ने** (**बायो तिब**): बायो भन्नाले अकाल्पनिक वा दुर्घटनाबाट मृत्यु भएमा मृतकको हंस अकुशल भई कुलपितृ डस्ने गर्दछ भन्ने मान्यता अनुसार कसैले यसको पुज्ने स्थान बनाई राखेको हुन्छ। यदि सम्बन्धित कर्ताको बायो थान छ भने बायो फोर्ने गरिन्छ। बायो पूजा सबैको गर्नुपर्छ भन्ने हुँदैन। यदि कर्ताको भाइखलकमा गर्भ तुहिएको भए यस किसिमको पूजा गर्ने गरिन्छ। यति बेला लामाले पाल्देन ल्हामोलाई बलि दिदा प्रयोग हुने तोर्जे सिनो रिने छ्योए (बज्रकिलाको पंचहतियार) पाठ गर्ने गरिन्छ।

ग) **मृतकको चित्त आह्वान गर्ने** (**न्हम्स्यो खुबा**): न्हम्स्यो खुबा भनेको मृतकको सातो अर्थात् चित्त बोलाउनेलाई भनिन्छ। किल्खोर भित्र हरियो पातको दुना चारवटा राखेर क्रमशः पानी, दुध, जाँड, र फैलु क्यु गर्दा काटेको भेडाको पकाएको कलेजोको टुक्रा राखिन्छ। यतिबेला सुरूको च्होंसी पा र फैलु पूजा गर्दाको मुटु कलेजो, (सार क्यु) चोखो पानी, दुध राखिन्छ। यतिबेला लामाले मैले छ्योए, रिनि छ्योए र कुल छाड्ने गर्दछ। यतिबेला लामाले पाल्देन लामाको ठोच्यु कुल पाठ गरी न्हम्स्यो खुबा गरिन्छ। यसरी लामाले मृतकको चित्तलाई पाल्देन लामोको कुल छाडेर ल्याई किल्खोर भित्र ङ्होबरमा राखेर अलाँ बनाउने कार्य पछि पहिलो अध्याय समाप्त हुन्छ।

**जग्गेको अगाडी चारपाटे किलखोर १०८ शिठो देवताको थाङ्का पाल्देन ल्हामोको हतियारहरू घन, सन्यासो, धनुकाँडा, फुर्वा**

घ) **पितृ कार्यको सांकेतिक झण्डा गाड्ने** (**अलाँ राबा**): न्हम्सी खुबा गरि सकेपछि अलाँ राब गर्दछ। अलाँ राब भनेको आठवटा आँख्ला भएको हरियो बाँसमा मृतकको नाममा चेलीबेटीले चढाएको फलफूल, ऐना झुण्डाउने, माथि टुप्पामा (छिगु ट) चिप्लो हरियो पात भएको रूखको



६. यस किसिमको बलि प्रथाको अभ्यासलाई बोनको अभ्यास नै भनिन्छ तर तिब्बतमा यस्ता पुरानो प्रकृतिवादी धर्म बोनको देवताहरू, ईष्ट देवताहरूलाई यसरीनै बलि दिईएतापनि यसलाई बौद्ध धर्ममा रूपान्तरण गर्दा बलिको प्रतिकको रूपमा अन्य प्रतिकात्मक रूपले गर्ने गरिन्छ। तर गुरूङ परम्परागत लामाहरूले भने यसलाई समयअनुसार परिर्वतन गर्न लगाउने गुरूसंगको सम्बन्ध भौगोलिक रूपले टाढा हुँदा टुटन गई यस किसिमको अभ्यास नयाँ रूपान्तरण हुन नसकेको भन्न सकिन्छ।

हाँगालाई मृतकको कपालको स्वरूप दिएर छोरीचेलीले (क्रस) तेल लगाईदिने गर्दछन् र सेतो लुगा र पुरूष भए (ह्रेडा) भाङ्ग्रा महिला भए (क्रमु) मोजेत्रो बाँसमा बाँधेर लामाको जग्गे अगाडि गाडिन्छ। यसले यहाँ अर्घु भईरहेको भन्ने संकेत गर्दछ। यतिबेला लामाले मैले छ्योए पाठ गर्दछ।

ङ) **मृतकको प्रतीक प्रतिमा बनाउने (ह्री अथवा प्ल तेबा)**: भोलिपल्ट बिहान सोल्स्यो पाठ गरेर साङ्र्सेक्यम गरी प्ल लिन जान्छ। ह्रितेबा घर भन्दा केही पर (म्हो) ज्वाँइले मृतकको प्रतीक ह्रि वा प्ल बनाएर लुकाई राखेको हुन्छ र लामाको जग्गेबाट लामाहरू उर्गेन ह्रि डा७ र मुकुण्डो लगाई ङ्होबर (च्ह्याङ्पर) हातमा लिएर ढ्याङ्ग्रो झ्याली बजाउँदै ज्वाँइ भएको स्थानमा पुग्दछ। त्यहाँ लामा र ज्वाँइबीच लामो खिचातानी हुन्छ। त्होर्जे फुर्वा लिएर कुंड गर्दछ र दुःख दिने कृयाकलपको बाबजुद पनि लामाले अन्तत जितेर चेलीबेटीको समूहले टीका पैसा लगाईदिई उक्त ह्रिलाई कम्बल बिछ्याई राखिन्छ। प्लमा मृतकको जीवनको स्वरूप दिई आत्मा चोख्याउने, नराम्रोबाट छुट्टाउने र मृतकको आत्मा खडा गर्न गीत शैलीमा हात यसरी बनायो, ज्यान यसरी बनायो, टाउको यसरी बनायो भन्दै मृतकको आत्मालाई फकाउँदै तिमी बस्ने ठाउँ कम्बलमा हो, चोखो ठाउँमा हो आदि भन्दै त्यहाँबाट लामा र स्थानीय म्हिग्रे चोंगाहरूको समूहले बडो मिठो लयमा सेर्गा गाउँदै डाँडाकाँडा देउराली भङ्ज्याङ फलाक्दै लामाको पूजा स्थलमा ल्याइन्छ। त्यतिबेला पूजा स्थल अगाडि घरमा छोरीचेलीहरू दही र दुध लिई स्वागतार्थ बसेका हुन्छन् र दुध दही छर्केर उक्त ह्रि लाई फुलब गर्छन्। छोरीचेली आफन्तहरू बडो भावविह्ल भई रूने कराउने गर्दछन्। यसरी ल्याएको प्ललाई किलखोर नजिक राखिदिन्छ। लामाले बनाई राखेको राक्षस रूपी तोर्मालाई पञ्च हतियारले हानी बध गरिन्छ र ज्वाँइले चोखो पानी छर्केर चोख्याउँछन्। त्यसपछि उक्त प्लमा लुगा लगाईदिई चेलीबेटीले क्रस गरी चोख्याई खाना फलफूल टक्र्याउँछन्।

च) **मृतकलाई आफन्तले सम्झने (खुई तेबा)**: यतिबेला ज्वाँइले गुरू रिम्पोछेको सानो मूर्ति टाउकोमा राखिदिई आशिर्वचन गर्ने गर्दछन् र आफन्तजनले पैसादिएर मृतकको सुखावति बासको कामना गर्दछन्।

छ) **मृतकको प्रतिमालाई लुगा लगाई दिने (क्रमु क्रेगी लब आस्यों प्युरि पिबा)**: त्यसपछि मृतकको ह्रि अर्थात् प्लमा क्रमु क्रेगी महिला भए पछ्यौरी पुरूष भए फेटा योर्बेसि दिन्छन्। यसरी प्राप्त मावलीको लुगा आस्यों कोई स्योदार ओढाए पछि लामाले प्होंसी मोन्लम पाठ गर्छन्।

ज) **जिउँदो र मृत मान्छे छुट्टाउने (मेलबा फुबा)**: त्यसपछि लामाले ङ्याल्वा छोए पाठ गरी ङ्याल्वा फुवा गर्दछ। त्यसवेला १२ वटा तोर्मा बनाई ६ वटा पगरी गुथेको र ६ वटा पगरी नगुथेको ससाना तोर्मा बनाई बज्रले धकेल्ने र पल्टाउने गरिन्छ। यतिबेला लामाले ढोवाकुण्डोल गर्दछ। यसमा हिदममा चढाउने कुरा जस्तै तोर्मा चढाउने, कुनैमा (फैलु क्यु) उक्त भेडाको कलेजो चढाउने, साथै महागुरूको मूर्ति चढाउने गर्दछन्।

झ) **मृतकलाई खाना आह्वान गर्ने (क्हो क्यु पिब)**: त्यसपछि क्हो क्यु थु क्यु दिने गरिन्छ।

---

७. लमजुङतिरका यी लामाहरूले गुरू पद्यसम्भवको ड्रेस उर्गेन लगाउने, टाउकोमा पञ्च बुद्ध लगाउने

यसलाई प्ले क्कब सै तोब पनि भनिन्छ। यसमा सबै आफान्तहरूले मृतकको नाममा खानेकुराहरू टह्रोंसी थाली नाङ्लामा राखी भेडालाई खाना खान लगाईन्छ। यतिबेला लामाले ङ्याल्बी छ्योए वाचन गर्दछ। घरको बुहारीहरूको गर्भ तुहिएको भए उक्त क्हो क्यु दिँदा प्रत्येक गर्भको लागि मसिना कुखुराको चल्लाहरू दिने गरिन्छ।

ञ) **मृतकको चित्त स्वरूपलाई जलाउने** (**ङ्होबर खोंब**)ः अर्घुको अन्तिम क्षणमा मृतकको नाम लेखिएको चित्त स्वरूपको झण्डा ङ्होबर जलाउने गरिन्छ। ङ्होबर खोंबलाई भोट भाषामा च्हाङ्पर जलाउने भनिन्छ। यो भोट भाषाको गुरूङकरण हो। यतिबेला लामाले मृतकको प्ल ह्नि राखेको स्थानमा उर्गेन लगाई टाउकोमा छतरी टोपी लगाई हातमा पञ्च हतियार, धनुषकाँडा, र ङ्होबर लिई नाच्ने र मृतकको आत्मालाई फकाउने गर्दछ। अन्तमा लामाले ङ्हो दे खोंब पाठ गरी मृतकको नाम अंकित च्हाङपर बत्तिमा पोलेर खरानी बनाउँछन् र उक्त खरानीलाई माटोमा मुछेर ससानो स्तुप आकारको तोर्मा (साछा) बनाई राखिन्छ। पच्युको विधिमा यसलाई सिङार खोंब८ भनिन्छ यतिबेला मृतकको नाम लेखेको कागज पोलेर नामोनिसान मेटाउने गरिन्छ।

## ३. तेश्रो चरणः समापन (पय लिब)

मृतकको चित्त स्वरूपलाई जलाउने (ङ्होबर खोंब) को कार्य सकिए लगत्तै पहिलो दिनमा गाडेको झण्डा (अलाँ) ढालेर मण्डल (जग्गे) र किलखोर भत्काएर त्यहाँ मृतकको हंस बाँकी नरहोस् भनेर लामाले उर्गेन लगाई ढ्याङ्ग्रो र झ्याली बजाई नाच्छ र अन्ततः अर्घु सेलाउन लैजाँदा उक्त साछा र किल्खोर भत्काएपछिको सामाग्रीहरू झण्डा (अलाँ) र प्रतीक (प्ल) लिएर पश्चिम दिशापट्टि लगेर अर्घुलाई विर्सजन अथवा सेलाउने गरिन्छ।

यी माथि उल्लिखित अर्घुको चरणहरू तमु खेगीहरू लामा, पच्यु र क्हेब्री तीनै वटा पुरोहितहरूले गर्ने प्रकृया र चरणहरू लगभग एउटै देखिन्छ तर शास्त्र वाचन गर्दा लामाले उमे लिपिमा लिपिबद्ध आफ्नो शास्त्र (पे) को धार्मिक प्रार्थना तथा तान्त्रिक विधिहरू (छोका छ्योए) वाचन गरी मृतकको चित्त विज्ञानलाई सुखावतिमा पुऱ्याई बिर्सजन गर्दछ भने क्हेब्री र पच्युहरूले मृतकको आत्मलाई पितृलोक (सि नासा) पुऱ्याउन मौखिक रूपमा पे वाचन गर्दछ।

## नयाँ रूपान्तरण (दुन्ठक झ्याङ्पर) विधि

दुन्ठक झ्याङ्पर भनेको भोट भाषामा दुनको अर्थ सात र दुन्ठकको अर्थ सप्ताह र झ्याङ्पर भनेको झ्याङ्को अर्थ शुद्धि र परको अर्थ नक्सा, फोटो भन्ने अर्थ लाग्छ। यसको दार्शनिक आधार खोज्ने हो भने यसको सम्बन्ध भगवान बुद्धकै दर्शन र अभ्याससँग सम्बन्धित रहेको हुन्छ। मानिसको मृत्यु पश्चात् स्थुल शरिरबाट च्युत भएको चित्त विज्ञानले अर्को स्थान पाउन ४९ दिन लाग्ने र सो अवधि भरिको अवस्थालाई अन्तराभव भनिन्छ९ भन्ने अवधारणा भगवान बुद्ध स्वयम्ले बुद्धत्व प्राप्तिको समयमा हाम्रो चित्त स्वभावको विश्लेषण

---

८. पच्यु ठउवा च्हाक्ली तमु "प्ये न्होर्वे ताँ– शास्त्र भित्रको कुरा" तमु पे ल्हु संघ जिल्ला कार्यसमिति रूपन्देही, २०७८।

9. Sogyal Rinpoche, edited by Patrick and Andrew Harvey, 'The Tibetan Book of Living and Dying' Rider 2002

गरि भन्नु भएको थियो। पछि कालान्तरमा विकसित विभिन्न बौद्ध सम्प्रदायहरूले आ-आफ्नो दर्शन साहित्यको विकासको क्रममा व्यापकरूपले यस अन्तराभव दर्शनको चर्चा गरेको पाइन्छ र प्रायः सबै सम्प्रदायहरूले यसलाई महत्वका साथ उल्लेख गरिएको पाइन्छ। यसरी दुन्ठक झ्याङ्पर विधि अनुसार ४९ दिनलाई सातामा भाग गर्दा सात सात दिनको अवधिमा मानिसको चित्त विज्ञान तहगत रूपमा स्थानान्तरण हुन्छ भन्ने मान्यता अनुरूप मृतकको चित्त अर्थात् आत्माको प्रतीक उसको नाम वा फोटो सातौँ दिनमा पितृकार्यमा जलाई विर्सजन गर्ने विधि अनुरूपको पितृकार्यलाई दुन्ठक झ्याङ्पर विधि भन्ने गरिन्छ।

१) **पहिलो चरणः अर्घु (पय) को दिन हेर्ने**

मृतकको अर्घुको लागि उपयुक्त दिन हेर्न लामाको पात्रो (चि) मा राम्रो जानकारी भएको लामाद्वारा उपयुक्त दिन हेरेर अर्घुको मिति तय गरिन्छ। यसको लागि एकमाना चामल वा फलफूलका साथै दस्तुर लामालाई टक्राएर दिन हेराउने गरिन्छ। लामाका पात्रो (ची) अनुसार मृतकको जुन बारमा मृत्यु भयो सोही बारमा थालनी गरे राम्रो मानिन्छ।

२) **दोश्रो चरणः अर्घु थाल्ने**

आवश्यक सामाग्रीमा तेल, उवाको पिठो चम्बा, चिनी/मह, फलफूल जस्ता विविध सामाग्रीहरू जम्मा गरेर लामाले पूजाको निम्ति मण्डल अर्थात् जग्गे तयार गर्ने गरिन्छ। उक्त मण्डल निमार्ण विधि पनि फरक फरक हुने गर्दछ र थाङ्का पनि मण्डल अनुरूप बज्रसत्व, अमिताभ बुद्ध वा लोकेश्वर कुन विधिबाट गर्ने हो सोही अनुसार थाङ्का झुण्डाइने गरिन्छ। सामान्यतया मण्डल अमिताभ बुद्धको, रौद्र, शान्त देवता शिठोको वा बज्रसत्वको बनाउने गर्दछ। यसमा यी देवताहरूको प्रतीक रूपमा लामाले उवा वा चम्बाको पिठोको तोर्मा कैंदु बनाएर राखिन्छ र त्यसपछि दायाँबायाँ वा अगाडि एक तह तल धर्मपालको तोर्मा बनाई राखिन्छ। धर्मपाल भन्नाले महाकाललाई लिने गरिन्छ। धर्मपालको अगाडि सप्तविधान पूजाको प्रतीकको रूपमा अर्घ, पाद्यं, पुष्प (माला) धूप, दीप (आलोक्य), गन्धे (अत्तर), नैवेध, र शब्द आदिले मनबाट पूजा गरिनुका साथै सप्तविधानोत्तर पूजामा बन्दना, पुजना, देशना, अनुमोदना, अध्येषण (अनुरोध), याचना र परिणामना १० जस्ता कृयाको प्रतिकात्मक रूपमा ७ वटा कटौरामा पानी, वरिपरि फलफूल आदि राखेर सजाइन्छ। यसपछि सुरूवातिमा लामा गुरूहरूले अष्टमंगलपाठ गरी सांङसेरक्यम धुपधयाँर पूजा गरिन्छ। यो सामान्यतया पूजा गर्दा पूरा गरिने आवश्यक प्रकृया हुन्। यस्ता पितृकार्यहरू सामान्यतया २ प्रकारले गर्ने गरिन्छ। पहिलो होद्छ्योग[१०] विधिबाट र दोश्रो कोन्छ्योग चि दुई[११] साधना विधिको आधारमा गरिन्छ। होद्छ्योग अमिताभ बुद्धको साधना गर्ने पुजा विधि हो। होद् भनेको अनन्ताभ भएको अमिताभ र छ्योगा भनेको पूजा विधि हो।[१२] होद्छ्योग

१०. होद्छ्योग विधि साङ्ग्य होपामे अर्थात् अमिताभ बुद्धको क्षेत्र सुखावति भुवनमा मृतकको चुति चित्त विज्ञानलाई पुऱ्याउने विधि मानिन्छ।

११. कोन्ज्यो चि दुई विधि गुरू पद्मसम्भवको निधि मानिन्छ यसमा झ्याङ्तेर विधिको समेत केही मिलाएर सजिलो तवरले बनाइएको छ।

१२ खेन्पो ङवाङ वोशेर (अनुवाद) "होद्छ्योग" ओर्ग्यन

विधि दुन्ठक झ्याङ्पर विधि अनुरूप गरिने अर्घुमा गर्ने गरिन्छ। कोन्छ्योग चि दुई विधिमा भने त्रिरत्न समुच्चय विधिमा प्रवेशगरी त्रिमुल साधना अर्थात् गुरू देव र डाकिनीको साधनामा पदमसम्भव, दोर्जे ट्हक्पो हेरूका हिदम र डाकिनी अर्थात् खाँण्डोमा एकाजटि जस्ता देवीको तन्त्र साधना गरिने हुनाले दुन्ठक झ्याङ्पर विधिमा भन्दा १ वा ३ राते अर्घुमा कोन्छ्योग चि दुई विधि अनुरूप गर्ने गरिन्छ। पूजाको विधिअनुरूप पूजा फरक फरक हुने गर्दछ।

दुन्ठक झ्याङ्पर होद्छ्योग विधिबाट गरिने हुँदा मृतकको झ्याङ्पर बनाउँदा करिब डेढ फिट जति लामो बाँसको सुइरोमा मृतकको नाम लेखी म्रही अक्षर अंकित सानो कागजको टुक्रामा पछाडि पट्टि शिठोको मन्त्र सुङा अंकित रहेको हुन्छ। तर परम्परागत लामाहरूले यसको साथै मृतकको प्ल अर्थात प्रतीक समेत बनाउने गरिन्छ। यसरी सुरूमा शरणगमन गरी क्रमगत रूपमा चित्तोत्पाद, स्थान अधिष्ठान, आव्हान अर्पण, प्रशंसा साधना गरि त्यसपछि महाकाल पुजा, शिठो पुजा, गणचक्रपुजा गरि मृतकको वार्दो ठोटल पाठगरि मृतकको फोटो अर्थात झ्याङ्पर बत्तीमा मूल लामाले जलाउने गरिन्छ र अन्तमा बत्ती अर्पण, पाप देशना, गल्ती भए माफी पाउँ भनेर परिणामना पाठ गरी अन्तमा मंगलवाचन गरी कार्यक्रम समापन गरिन्छ।

यसरी शास्त्र अनुसारको पाठ र अभ्यास गरी गरिने पूजा सबै समान किसिमकै हुन्छन् विधि मात्र केही फरक हुन्छन् र अन्ततः मृतकको झ्याङ्पर पोल्ने कार्य गरी समापन गरिने हुँदा गुरूङ जातिले गर्दै आइरहेको सांस्कारिक पक्षको यसमा अभ्यास गरेको देखिदैन। कर्ताहरू बेला बेलामा पूजामा सहभागी भई बत्ती बाल्ने, पाप सोधनी गर्न चरणबद्धरूपमा बेलाबेलामा ढोग्ने छ्याग गर्ने आदि कार्यमा सरिक हुने बाहेक अन्य विषयमा त्यति सरिक हुने गरिदैन। ज्वाँइ मामा चेलीको समेत खास्सै भूमिका रहेको देखिदैन।

३) **तेश्रो चरणः समापन**

गुरूङ जातिको संस्कारमा आस्यौँ अर्थात् मावालीको भूमिका महत्वपूर्ण रहने हुँदा मर्दा मावलीले लुगाको टालो (आस्यौँ प्युरी) दिनुपर्ने हुन्छ र अन्तमा मावलीले नै कर्तालाई टीका लगाएर चोख्याइ दिन्छन्।

यसरी अन्तमा आस्यौँले टीका लगाइ चोख्याइ सकेपछि मावालीलाई सक्दो दान समेत दिने गरिन्छ र अन्य रींच्हमीहरू, ज्वाँइ आदिलाई समेत दान दिएर यस प्रकारको होईछ्योग विधिमा दुन्ठक झ्याङ्परबाट छोटकारीमा अर्घु सम्पन्न गरिन्छ।

## निष्कर्ष

अन्तमा पुरातन गुरूङ लामाद्वारा गरिने कर्मकाण्डमा गुरूङको संस्कार संस्कृति झल्कने हुनाले यस्तो पुरानो विधि लमजुङ र गोर्खा तिरका केही गाँउघरमा अझै अभ्यासमा रहेको देखिन्छ।

हिजोआज यो विधिबाट गरिने (अर्घु) पिर्तकार्यमा कृयाशील लामाहरूको संख्या न्यून रहेको र पुस्तान्तरण समेत हुन नसकिरहेको अवस्था भएको हुनाले यस्ता पुरानो उत्तरनिधि झ्याङ्तेर विधिको सट्टा कोन्ज्योच्युति वा होईछ् योग विधिबाट मृतकको कर्मकाण्ड गर्ने विधिको प्रचलन बढ्नाले यो विधि सजिलो त भएको छ

शेढुपलिङ गोन्पा, दोलखा, २०२३।

तर यसले गुरूङको सांस्कृतिक पहिचान नझल्कने हुनाले यो पुरातन विधिको संरक्षण गरी समय सुहाउँदो तरिकाले गुरूङ जातिको साँस्कृतिक पहिचान पनि झल्कने र यसको दार्शनिक पक्ष पनि यथावत् राखी परिमार्जन गरेर अभ्यासमा ल्याउन आवश्यक देखिन्छ।

## अध्ययनका नतिजाहरू

प्रस्तुत अध्ययनको सांस्कृतिक संरक्षणको दृष्टिकोणले गुरूङ समुदायमा मौलिक लामा परम्परा अभ्यास र उक्त कर्मकाण्ड विधिअनुरूपको हस्तलिखित शास्त्र एक अमुर्त सांस्कृतिक सम्पदा (Intangible Cultural Heritage) को रूपमा संरक्षण गर्ने आधार तयार हुन सकिन्छ। यसै गरि ब्यवहारिक शैक्षिक ज्ञान प्रणालीको रूपमा गुरूङ बौद्ध परम्परा केवल धार्मिक मात्र नभई नेपालको आदिवासी बौद्ध ज्ञान प्रणाली (Indigenous Buddhist Knowledge System) भएको प्रमाणित हुन सक्छ। साथै आधुनिक युगमा पुरानो लामा परम्परालाई विस्थापित हैन पुनर्ब्याख्या र पुनरूत्थान गरि समय सुहाउँदो तवरले प्रयोगमा ल्याउँदा धर्म र गुरूङ संस्कार दुबै संरक्षण तथा सम्बर्द्धन हुन सक्छ।

धन्यवाद

भवतु सर्वमंगलम्।

## सन्दर्भ ग्रन्थहरू


गुरूङ पुरातन लामाको कर्मकाण्ड पुजाविधिको हस्तलिखित शास्त्रहरूको संगालो "छोका छ्योए"।

गुरूङ, जगमान क्होंगि लामा "तमुवानको एतिहासिक वृतान्त" २०६७।

तमू, पच्यु ठउवा च्हाक्ली "प्ये न्होर्वे ताँ– शास्त्र भित्रको कुरा" तमू पे ल्हु संघ जिल्ला कार्यसमिति रूपन्देही, २०७८।

थकाली, होमा (गुरूङ) "तमू गुरूङ जातिको उत्पत्ति र धर्म संस्कृति" ललितपुर २०६७।

लामा, खेन्पो ङवाङ वोशेर, "उत्तरनिधि त्रिविधा साधनाको पुर्वाभ्यास" चावहिल काठमाडौंः २०७९।

लामा, खेन्पो ङवाङ वोशेर, "अन्तराभव श्रमण महाविमुक्ति (बर्दो थोडोल)" काठमाडौंः चौथो संस्करण, २०७९।

रिजाल, नारायण प्रसाद (अनुवाद) "आर्य शान्तिदेव विचरित, बोधिचर्यवतार" ब्योमकुसुम अनुवाद समिति, विशालनगर, काठमाडौं २००९।

लामा, खेन्पो ङवाङ वोशेर (अनुवाद) "होद्छ्योग" ओर्ग्यन शेढुपलिङ गोन्पा, दोलखाः २०२३।

Rinpoche, Sogyal edited by Patrick and Andrew Harvey, The Tibetan Book of Living and Dying Rider 2002.

Das, Sarat Chandra A Tibetan English Dictionary India|:Motilal Banarasi Das, 1970.

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना

Buddhism Digital Library (BDL) Inc. ले २५७०औँ बुद्धजयन्ती डिजिटल उपहार पूर्णाङ्क (१) प्रकाशन गर्ने तयारी गरिरहेको सुखद समाचारले अत्यन्तै खुशी भएकी छु। भगवान बुद्धले देखाउनु भएको अहिंसा, शान्ति, करूणा र मैत्री भावलाई यो डिजिटल प्रकाशनले संसारभरिका बौद्धमार्गीहरूको हातहातमा पस्कन सफल होस् भन्ने कामना गर्दछु।

वास्तवमा बुद्ध भनेको नाम, सर्वनाम, व्यक्ति वा कुनै बस्तु नभएर, त्यसमा हुने गुण, स्वभाव र बिशेषता हुन्। उदाहरणको लागि उखुको गुण, स्वभाव र बिशेषता भनेको गुलियो हुनु हो। चाहे त्यो काट्नोस्, पेल्नोस् वा उमाल्नोस्। त्यसैगरी खुर्सानी र कागतीको गुण र स्वभावलाई हेर्नोस्। खुर्सानी पिरो हुनु र कागति अमिलो हुनु उनीहरूको गुण, स्वभाव र बिशेषता हुन्।

बुद्ध भनेको बोध हुनु हो। बोध हुनु भनेको कुनै पनि बिषयमा स्वयं जानकारी हुनु हो। अर्थात तत्वज्ञानको बारेमा बोध हुनु हो। तत्वज्ञान भनेको कुनै पनि विषय वा बस्तुको गहिराइलाई शुष्म रूपमा जान्नु हो। भगवान बुद्धले पनि आजकै दिनमा पिपलको रूखमुनि तत्वज्ञानको बारेमा बोध गर्नु भएको थियो। त्यसैले उनलाई बुद्ध भनिएको हो। बुद्धको जन्म, बोधिलाभ र महापरिनिर्वाण एकै दिनमा भएकाले यसलाई बुद्धजयन्ती भनिएको हो।

२५७०औँ बुद्धजयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि एवं दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना !



106 MHZ GURKHALI RADIO

**खिमा गुरूङ**
**स्टेशन म्यानेजर, रेडियो गोर्खाली**
गुरूङ भाषाको प्रशिक्षक
जनजाति महिला अधिकारकर्मी तथा सामाजिक अभियान्ता

# बुद्धजयन्तीको
# मंगलमय शुभकामना

Buddhism Digital Library (BDL) Inc. ले २५७०औं बुद्धजयन्तीको अवसरमा डिजिटल उपहार पूर्णाङ्क (१) प्रकाशन गर्ने तयारी गरिरहेको सुखद समाचारले अत्यन्तै खुशी भएकी छु। भगवान बुद्धले देखाउनु भएको अहिंसा, शान्ति, करूणा र मैत्री भावलाई यो डिजिटल प्रकाशनले संसारभरीका बौद्धमार्गीहरूको हातहातमा पुऱ्याउन सफल होस् भन्ने कामना गर्दछु।

बास्तबमा बुद्ध भनेको नाम, सर्वनाम, ब्यक्ति वा कुनै बस्तु नभएर, त्यसमा हुने गुण, स्वभाव र बिशेषता हुन्। उदाहरणका लागि उखुको गुण, स्वभाव र विशेषता भनेको गुलियो हुनु हो। चाहे त्यो काट्नोस्, पेल्नोस् वा उमाल्नोस्। त्यसैगरी खुर्सानी र कागतीको गुण र स्वभावलाई हेर्नोस्। खुर्सानी पिरो हुनु र कागति अमिलो हुनु उनीहरूको गुण, स्वभाव र बिशेषता हुन्।

बुद्ध भनेको बोध हुनु हो। बोध हुनु भनेको कुनै पनि बिषयमा स्वयं जानकारी हुनु हो। अर्थात तत्वज्ञानको बारेमा बोध हुनु हो। तत्वज्ञान भनेको कुनै पनि विषय वा बस्तुको गहिराईलाई शुष्म रूपमा जान्नु हो। भगवान बुद्धले पनि आजकै दिनमा पिपलको रूखमुनि तत्वज्ञानको बारेमा बोध गर्नु भएको थियो। त्यसैले उनलाई बुद्ध भनिएको हो। बुद्धको जन्म, बोधिलाभ र महापरिनिर्वाण एकै दिनमा भएकाले यसलाई बुद्धजयन्ती भनिएको हो।

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि एवं दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना !



**मिना गुरूङ**
**निर्देशक, रेडियो मर्स्याङदी**
जनजाति महिला अधिकारकर्मी तथा सामाजिक अभियन्ता

RADIO MARSYANGDI 95 MHz